
नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)

# स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF)

जावलाखेल, ललितपुर




# स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन कार्य सञ्चालन निर्देशिका

## (Compliance Monitoring Operational Guidelines)

२०७१

नेपाल सरकार

संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)**

**स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF)**

जावलाखेल, ललितपुर




# स्थानीय निकायको कानुनी र नीतिगत व्यवस्था पालना अनुगमन कार्य सञ्चालन निर्देशिका

(Compliance Monitoring Operational Guidelines)

**२०७१**

# दुई शब्द

स्थानीय सुशासन प्रकृयामा जनता तथा स्थानीय सरकार बीचको सकारात्मक सहकार्य तथा सम्बन्धका आधारहरुमा जोड दिदै स्थानीय शासनको सुदृढीकरणमा टेवा दिने उद्देश्यले स्थानीय शासन उत्तरदायी संयन्त्र (Local Governance Accountability Facility) को रुपमा स्थापना भएको छ । ७५ जिल्लाहरु मध्ये ६६ जिल्लाहरुमा एलजिएएफ आफैंले र बाँकी ९ जिल्लाहरु अछाम, दैलेख, जाजरकोट, कालिकोट, खोटाङ, ओखलढुङ्गा, रामेछाप, सिन्धुली र सुर्खेतमा एलजिएएफसंगको समन्वय र कार्यढाँचामा स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धि कार्यक्रम (साल्ग) स्थानीय तहमा उत्तरदायित्व प्रवर्द्धनका लागि कार्यान्वयनमा रहेको छ ।

स्थानीय शासन तथा उत्तरदायी संयन्त्र (Local Governance & Accountability Facility) एक अर्धस्वायत्त निकायको रुपमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको-प्रथमचरणबाट शुरु गरिएको थियो । सबै जिल्लालाई कार्यक्षेत्र बनाइएको यस कार्यक्रमले हासिल गरेको उपलब्धीमा आधारित भई एलजिसिडिपी-दोस्रो अन्तर्गत स्थानीय निकायहरुमा नागरिक अनुगमन, निगरानी लगायत उत्तर दायित्व अनुगमनका कार्यद्धारा सुशासनको समग्र अवस्थामा सुधार गर्ने उद्देश्य लिई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा राष्ट्रिय समिति पुनर्गठन र सुशासन प्रवर्द्धन शाखामा एलजिएएफलाई आन्तरिकीकरण गरिएको छ ।

यस संयन्त्रले राज्यद्वारा स्थानीयस्तरमा प्रदान गरिने सार्वजनिक सेवा, सुविधा तथा वस्तुहरुमा जनताको (खासगरी जोखिममा रहेका सीमान्तीकृत वर्ग, महिला बालवालिकाहरुको) पहुँच र नियन्त्रण बढाउन तथा स्थानीय सुशासन प्रक्रियामा संलग्नता गराउँदै नागरिक तथा स्थानीय निकायहरु बीच सम्वन्ध तथा समन्वय विस्तार गरी विकास प्रक्रियामा सहभागीता अभिवृद्धि गर्न र स्थानीय सुशासनको अवस्थामा सुधारको अवस्था ल्याउनका लागि नागरिक समाजका संघ संस्थाहरुलाई अनुदान र क्षमता विकास सहयोग प्रदान गर्दछ। नागरिक समाजका संघ संस्थाहरुबाट स्थानीय निकायको कानूनी र नीतिगत व्यवस्था पालना अनुगमन गरी यी निकायहरुको नागरिकप्रतिको उत्तरदायित्व (Downward/Social Accountability) प्रवर्द्धन गराउन स्थानीय निकायलाई सहयोग गर्ने तथा नागरिक शिक्षा मार्फत समुदायलाई सुसूचीत गर ाउन सहयोग पु-याउनु एलजिएएफको प्रमुख उद्देश्य रहेको छ ।

उक्त उद्देश्य परिपूर्तिका लागि स्थानीय निकायहरुको कानूनी र नीतिगत व्यवस्थाको पालना अनुगमनमा एलजिएएफबाट अनुदान पाएका नागरिक समाजका संघसंस्थाहरुलाई यस निर्देशिकाको तयारीले आधारभूत निर्देशनका रुपमा कार्यसन्चालनमा सहयोग पुग्ने आशा गरिएको छ ।

# संक्षिप्त शब्दावली

गाविस : गाउँ विकास समिति

जिविस : जिल्ला विकास समिति

नपा : नगरपालिका

सिएसओ (CSO) : Civil Society Organization

ना.स.सं.: नागरिक समाजका संस्था

सं.मा.तथा स्था.वि.मं. : संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

स्था.वि.अ. : स्थानीय विकास अधिकारी

LBs : Local Bodies

एलजिएएफ (LGAF) : Local Governance Accountability Facility

एलजिसिडिपि (LGCDP) : Local Governance and Community Development Programme

एफ.एम. (FM) : Frequency Modulation (a radio frequency)

(ToT) : Training of Trainers'

स्था.स्वा.शा. : स्थानीय स्वायत्त शासन

RTI: Right to Information

# विषयसूची


| भाग १ : स्थानीय निकायमा नीतिगत र कानुनी व्यवस्था पालना अनुगमन कार्यसञ्चालन निर्देशिका | | |
|---|---|---|
| १. | पृष्ठभूमि: | १ |
| २. | उद्देश्य | २ |
| ३. | (CSO) हरुले गर्नुपर्ने कार्यहरु : | ३ |
| क. | तयारी चरण | ३ |
| ख. | कार्यसन्चालन | ४ |
| - | पालना अनुगमनका लागि सूचकहरु र सो सम्बन्धी अवस्था | ७ |
| - | सव इन्जिनियरहरुका लागि आयोजनाहरुको पालना अनुगमनका थप सूचकहरु | १३ |
| ग. | क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम संचालन | १७ |
| ४. | रेडियो कार्यक्रम सन्चालन सम्बन्धी व्यवस्था | २० |
| - | आधारभूत सर्भेक्षण फाराम | २४ |
| - | प्रतिवेदनको ढाँचा | २७ |
| | Inception Report | ३० |

**भाग १ :**

# स्थानीय निकायमा पालना नीतिगत र कानुनी व्यवस्था पालना अनुगमन कार्य सञ्चालन निर्देशिका

## १. पृष्ठभूमिः

स्थानीय शासन तथा उत्तरदायी संयन्त्र, स्थानीय निकायको सामाजिक उत्तरदायित्वको प्रवर्द्धनका लागि गठित राष्ट्रिय स्तरको उत्तरदायी संयन्त्र हो । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको एउटा संभागको रुपमा एल.जि.ए.एफ. कार्यक्रम संचालन भैरहेको छ । यो संयन्त्र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको राष्ट्रिय सल्लाहकार समितिको निर्देशन र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सर्तकता केन्द्र, अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरु, नागरिक समाज तथा स्थानीय निकायहरुका संघ/महासंघको प्रतिनिधित्व भएको राष्ट्रिय समितिद्वारा व्यवस्थित एवं संचालित छ । जन उत्तरदायी तथा जिम्मेवार स्थानीय सरकारका माध्यमबाट गरिवी न्यूनीकरणमा योगदान गर्ने स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको लक्ष्य अनुरुप स्थानीय शासन तथा उत्तरदायी संयन्त्र (एल.जि.ए.एफ.) ले नेपाल सरकारबाट स्थानीय विकासका लागि प्रदान गरिएको अनुदान तथा स्थानीय निकायहरुको आम्दानीबाट जम्मा भएको कोषको प्रभावकारी बाँडफाँड, उपयोग तथा नागरिक संलग्नतामा जोड दिदै, स्थानीय निकायले प्रदान गर्ने सेवा तथा सुविधामा नागरिकको सरल पहुँच वृद्धिका लागि सामाजिक उत्तरदायित्वको प्रवर्द्धन, स्थानीय निकायले संचालन गर्ने परियोजनाको पारदर्शी र प्रभावकारी कार्यान्वयन र नागरिक संलग्नताको सुनिश्चितता एवं लक्षित वर्गको जीवनस्तर सुधार गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

एल.जि.ए.एफ. (संयन्त्र) ले मुख्यगरी स्थानीय निकायहरुमा कानूनी र नीतिगत व्यवस्था परिपालना अनुगमन गर्नका लागि सामाजिक उत्तरदायित्व, सामाजिक परिचालन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र स्थानीय निकायका विकास व्यवस्थापन कार्यमा सहभागीतात्मक अनुगमन जस्ता कार्यक्षेत्रमा काम गरिरहेको छ। संयन्त्रको पहिलो कार्यान्वयन सहजीकरण संस्थाको रुपमा कोम्याट, आई.आर.डि. र भिडेकको संयुक्त साझेदारीमा कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यकम अक्टोवर २०१० बाट शुरु भई १५ जुलाई २०१२ मा सम्पन्न भएको थियो । यसको लगत्तै एलजिएएफ अन्तर्गत स्थानीय निकायहरुको उत्तरदायित्व अनुगमनको लागि स्थानीय निकायहरुका संघ/महासंघ लाई कार्यान्वयन सहजकर्ता संस्थाको रुपमा जि.वि.स महासंघको नेतृत्वमा कार्यक्रम संचालन गरियो। कोम्याट सम्बद्ध कार्यान्वयन सहजीकरणवाट ७८ नागरिक समाजका संस्थाहरु मार्फत ५४ जिल्लामा नागरिक अनुगमन कार्य सन्चालन गरिएको थियो । त्यस्तै दोश्रो कार्यान्वयन संस्था स्थानीय निकाय संघ-महासंघवाट १३३ नागरिक समाज संस्थाहरु मार्फत ७५ जिल्लामा नागरिक अनुगमन कार्य सचालन गरिएको थियो । उक्त नागरिक अनुगमनमा धेरै भौगोलिक क्षेत्र समेट्न नसकेपनि प्रभावकारी नतीजा ल्याउन सफल भएको मूल्याङ्कन गरिएको छ। स्थानीय निकायमा विगत लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुँदा स्थानीय तहमा नागरिकका अपेक्षाअनुसार कमैमात्र कार्य हुन सकेको अवस्था छ । पारदर्शिता र सुशासन कायम गदै बर्तमान परिस्थितिमा स्थानीय निकायहरुवाट प्रवाह गरिने सेवा सुविधा छिटो र छरितोरुपमा सेवाग्राही समक्ष पुऱ्याउनुको साथै स्थानीय

निकायलाई जनताप्रति पूर्णउत्तरदायी बनाउनु एलजिएएफको पहिलो प्राथमिकता रहेको छ ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम-दोस्रोचरणमा एलजिएएफको संरचनामा पनि परिमार्जन गरिएको छ । संङ्घीय मामिला तथा स्थानीय विकास मंत्रालयका सचिवको अध्यक्षतामा राष्ट्रिय समिति गठन गरिएको छ । संस्थागत आन्तरिकीकरण गर्दै संङ्घीय मामिला तथा स्थानीय विकास मंत्रालयको सुशासन प्रवर्द्धन शाखाको कार्यविवरण भित्र एल.जि.ए.एफ.लाई समेटी उक्त शाखा मार्फत कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईएको र विगत वर्षहरुमा जसरी परामर्श दातासंस्था छनोटगरी कार्यान्वयन सहजीकरण गराउने अभ्यासलाई अन्त्यगरी सचिवालय आफैले कार्यक्रम संचालन गर्ने व्यवस्था गरिएको छ । एलजिएएफबाट स्थानीय निकायहरुका कानूनी र नीतिगत व्यवस्था पालना अनुगमन सबै जिल्लामा नागरिक समाजका संस्थाहरुवाट गराई यथार्थ अवस्थाको जानकारी लिई सम्बन्धित स्थानीय निकायहरु मार्फतनै सुधारका कार्यहरुबाट समग्ररुपमा स्थानीय निकायमा विद्यमान शासनको अवस्थामा सुधार ल्याउनु मुख्य लक्ष्य रहेको छ ।

## २. उद्देश्य

स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकहरुको सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्नु, स्थानीय शासनमा नागरिक संलग्नता वृद्धिका लागि सहजीकरण गर्न नागरिक समाजका संस्थाहरुलाई सहयोग गर्नु एलजिएएफको उद्देश्य रहेको छ । स्थानीय स्तरमा प्रभावकारी सम्वाद तथा जवाफदेही कार्यकर्ताको रुपमा काम गर्न नागरिक समाजका प्रतिनिधि तथा संचारकर्मीहरुको क्षमता अभिवृद्धिमा समेत एलजिए( एफले सहयोग गर्दछ । स्थानीय सरकारलाई जवाफदेही बनाउन तथा स्थानीय शासन प्रकृयामा नागरिक सहभागीता सुनिश्चित गर्न एलजिएएफका कार्यहरु प्रभावकारी हुने विश्वास गरिएको छ ।

स्थानीय सरकारलाई नागरिकप्रति जवाफदेही बनाउन तथा समाजमा पछाडि पारिएका वर्गको स्थानीय निकायको सेवा र वस्तुमा पहुँचका लागि वकालत गर्न एलजिएएफले नागरिक समाजका संस्था मार्फत आफ्ना क्रियाकलाप संचालन गर्दै स्थानीय शासनमा प्रभावकारी सुधारद्धारा सुशासन स्थापनामा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

विशेषतः स्थानीय नागरिक समाजका संस्थाहरुले स्थानीय निकायका राम्रा कार्यहरुको समुदायमाझ फैलाउने एवं सुधार गर्नुपर्ने कुराहरु औंल्याउने कार्य गर्नुपर्दछ । उनीहरुले स्थानीय निकायले प्राप्त गर्ने अनुदान रकम बाँडफाँड, आयोजना छनोट, बजेट निकाशा, आयोजना कार्यान्वयन आदिमा पारदर्शिता, उत्तरदायित्वको पालना, अर्थपूर्ण र समावेशी नागरिक संलग्नताको सुनिश्चितता एवं कार्यसन्चालन तथा बजेट खर्चमा हुने अनियमितता जस्ता घटनाहरुको अध्ययन अनुगमन र खबरदारी, लागि नागरिकहरुलाई सूचना, शिक्षा र सन्चारको कार्यद्धारा जागरुक र सुशासनको माग गर्न सक्षम बनाउन प्रयास गर्नेछन् । स्थानीय शासनमा प्रभावकारी सुधार र असल शासन स्थापनाका लागि स्थानीय स्तरमा निगरानीकर्ताको रुपमा काम गर्नु, नागरिक शिक्षा र सचेतनाका कार्यक्रम संचालन गर्नु एल.जि.ए.एफ. कार्यक्रम अर्न्तगत नागरिक समाजको मुख्य भूमिका हुनेछ ।

खासगरी, स्थानीय सुशासनको अवस्थामा सुधार गर्न सिएसओले अल्प तथा दीर्घकालमा स्थानीय निकायमा उत्तरदायित्व प्रवर्द्धनका लागि यसप्रकार भूमिका खेल्न सक्दछन् :-

- स्थानीय निकायहरुले सम्पादन गरेका कामहरुलाई समुदायमाझ प्रसार गर्न,
- स्थानीय निकायका योजना तर्जुमा, बजेट व्यवस्थापन तथा कार्यान्वयन र अनुगमन सुपरिवेक्षणमा कानूनी र नीतिगत व्यवस्थाहरुको परिपालना अवस्था अनुगमन र प्रतिवेदन दिन,
- परिपालना अनुगमनबाट पाइएका फरकहरु परिपूर्तिका लागि संभाव्य उपायहरुबारे सुझाव दिन,

## ३. नागरिक समाजका संस्था (CSO) हरुले गर्नुपर्ने कार्यहरु :

### क) तयारी चरण :

यसचरणमा नागरिक समाजका संस्थाहरुले संयन्त्रको सचिवालयसंग सम्झौता भईसकेपछि आफ्ना कार्यसमितिका सदस्यहरु, संस्थाका सल्लाहकारहरु र विभागीय कर्मचारीहरु समेत (भएमा) को उपस्थितिमा सम्झौतामा उल्लेख भएका सम्पूर्ण कुराहरु जस्तै : भौगोलिक कार्यक्षेत्र, कार्यसन्चालनका लागि संस्थाबाट परिचालन हुने कर्मचारीहरु, गर्नुपर्ने काम, स्रोत व्यवस्थापन बारे जानकारी गराउनु पर्दछ । यस्तैः स्थानीय निकायहरु समेतको सुझाव, समन्वयमा व्यक्तिगत कार्यजिम्मेवारी सहित विस्तृत कार्ययोजना निर्माण सम्पन्न गरिनु पर्दछ । अनुगमनका लागि सम्बन्धित स्थानीय निकायमा, क्षेत्रीय समन्वय कार्यालयमा समेत कार्ययोजनाको विस्तृतप्रति पठाउँदा राम्रो हुन्छ । यसबाट संस्थाको आन्तरिक जवाफदेहिता, पारदर्शिता र कार्यक्रमको संस्थागत सुदृढीकरणका लागि सहयोग पुग्दछ । संस्थाको कार्यालय अगाडि दर्ता नं., मिति, सम्पर्क फोन नं., पान र भ्याट समेत खुल्नेगरी साइनबोर्ड बुझिने र टाढैबाट देखिने सकेसम्म खुल्ला स्थानमा राख्नुपर्दछ । संस्थाको कार्यालय परिसरमा कार्यसमितिका पदाधिकारीहरुको (साधारणसभा अनुसार) नाम, पदसंस्थाको कार्यहरु, कार्यप्रगति ईत्यादि समेत लेखेर राख्ने ।

१) संस्थाहरुको एलजिएएफ संगको सम्झौता अनुसारको जिम्मेवारी निर्वाह गर्नु अघि सम्बन्धित स्थानीय निकायहरुसंग समन्वय र सम्बन्ध कायम गर्नुपर्दछ । स्थानीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि, स्थानीय निकायका प्रमुख एवं कर्मचारीहरु, नागरिक समाज, स्थानीय सेवा प्रदायक संस्थाहरु सबैसंग तटस्थ, हार्दिकता युक्त सम्बन्ध र कार्यगत समन्वयको वातावरण निर्माण गरिनु पर्दछ ।

२) जुनसुकै औपचारिक कार्यक्रम स्थानीय निकायका प्रमुखको अगुवाइमा सन्चालन गरिनु पर्दछ र यससम्बन्धमा पर्याप्त पूर्व तयारी गर्नु पर्दछ । जिम्मेवारी निर्धारण, बाँडफाँड लगायतका कार्य संयुक्त रुपमा गर्नुपर्दछ र स्थानीय निकायहरुमा कार्यक्रम संचालन अवधिभर नै संवन्धित स्थानीय निकायका प्रमुख, जिल्ला शासन विज्ञ, शहरी शासन विज्ञ, एलजिसिडिपी क्षेत्रीय समन्वय कार्यालय एवं क्षेत्रीय अनुगमन, प्रतिवेदन तथा जवाफदेहिता विज्ञ, स्थानीय शासन उत्तरदायी संयन्त्रको (LGAF) सचिवालयसँग सामीप्यता, सम्वन्ध र समन्वय निरन्तर गर्नुपर्दछ । आवश्यक पत्राचार, सम्पर्क, प्रतिवेदन पेशगर्ने, पृष्ठपोषण लिने कार्य गर्नुपर्दा सम्बन्धित क्षेत्रीय कार्यालय मार्फत सम्पर्क गर्ने व्यवस्था गर्नुपर्दछ ।

३) कार्यसन्चालनसंग सम्बद्ध कर्मचारी (कार्यक्रम संयोजक, उत्तरदायित्व अनुगमन अधिकृतहरु, सहायक इन्जिनीयर) हरुले संस्थालाई पालना अनुगमनको जिम्मेवारी बहन गर्न पूर्ण समय दिनेवारे सुनिश्चितता गर्नुपर्दछ । संयन्त्रसंग भएको सम्झौतालाई अक्षरशः पालनाहुने तर्फ यकीन गर्नुपर्दछ । कर्मचारीहरुको (समुहगत रुपमा) दुर्घटना बीमा गराउने संस्थाको जिम्मेवारी भित्र पर्दछ ।

४) संस्थाले संयन्त्रसंग भएको सम्झौता अनुसार कार्य सन्चालनका लागि अबैतनिक एकजना पूर्ण समय दिनेगरी सम्पर्कव्यक्ति कार्यसमितिका पदाधिकारीहरु मध्येबाट छलफलगरी तोकिदिनुपर्दछ। संयन्त्रले कार्यसन्चालन अनुशिक्षण तालिम दिंदा सम्पर्क व्यक्तिलाई समेत पठाउने व्यवस्था मिलाउनु पर्दछ । सम्पर्क व्यक्ति एलजिएएफको कार्य सन्चालन र स्थानीय निकायहरुसंग समन्वय गर्न अनुभवी व्यक्तिहरु मध्येबाट चयन गरिनु राम्रो हुन्छ ।

५) संस्थाले कर्मचारीहरुलाई प्रत्येकको स्पष्ट कार्यविवरण सहित भौगोलिक कार्यक्षेत्र, सम्पर्क, समन्वय, प्रतिवेदन, तलबभत्ता, उत्प्रेरणा, आदि विषयमा किटानी गरी लिखित सम्झौता गर्नुपर्दछ । त्यसको जानकारी सम्बन्धित क्षेत्रीय समन्वय कार्यालयमा दिनुपर्नेछ ।

## ख) कार्यसन्चालन

### १) जिल्ला विकास समिति, नगरपालिका र गाविसमा १ दिने अनुशिक्षण

एलजिएएफसंग सम्झौतामा उल्लेख भए अनुसारका गाविस, नगरपालिका र जिल्ला विकास समितिहरुमा स्थानीय निकायहरुमा कानूनी र नीतिगत व्यवस्था परिपालनाको अवस्थाको अनुगमन सम्बन्धमा सहयात्रीहरुलाई १ दिने अनुशिक्षण कार्यक्रम सन्चालन गर्नुपर्दछ। अनुशिक्षण कार्यक्रम सन्चालन गर्नुपूर्व सम्बन्धित स्थानीय निकायसंग कार्यक्रम सन्चालन सम्बन्धमा अनौपचारिक रुपमा छलफलगरी कार्यक्रमको दिन र समय, विषयवस्तु, राजनीतिक दलका प्रतिनिधिहरु लगायत सहभागीहरु निश्चित गरी (को को हुने) पत्राचार (सम्बन्धित स्थानीय निकाय मार्फतनै गर्ने) व्यवस्था, उपस्थिति (हाजिरी) उठाउने, चिया-खाजा, मसलन्द, व्यानर आदि विषयमा छलफलगरी कार्यक्रम सन्चालनको तयारी पूरागर्नुपर्दछ । प्रस्तुतिका विषयहरुमा क) स्थानीय निकायहरुमा उत्तरदायित्व बहन र सुशासनको अवस्था सम्बन्धमा स्थानीय निकाय स्रोत परिचालन कार्यविधि २०६९ को परिच्छेद-९ दफा ४९ मा भएका व्यवस्था, सम्बन्धित स्थानीय निकायले पुरागर्नुपर्ने सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणको कार्यान्वयन व्यवस्था र अवस्था, अनुगमन तथा सुपरिवेक्षण समिति र आयोजना अनुगमनको व्यवस्था, नागरिक वडापत्र, गुनासा सम्बोधन सम्बन्धी व्यवस्था, समावेशी नागरिक सहभागीता र नागरिक सन्तुष्टिको अवस्था, आम्दानी खर्चको पारदर्शिता, न्यूनतम शर्त, कार्यसम्पादनमा विगत २ वर्षको अवस्था बारेमा र ख) नागरिक समाजका संस्थाले गर्ने परिपालना अनुगमन सम्बन्धी कार्यहरुबारे संक्षिप्तमा प्रकाश पार्नु पर्नेछ ।

उक्त कार्यक्रममा स्रोत वांडफाँड स्थानीय शासन उत्तरदायी संयन्त्र र स्थानीय निकायहरुमा कानूनी र नीतिगत व्यवस्था पालनाको अनुगमन, नागरिक निगरानी लागु गर्ने सन्दर्भमा के

कस्ता फरकहरु तथा कमी कमजोरीहरु रहेछन् अध्ययन मार्फत पहिचान हुनेछ र सुधारका प्रतिवद्धता र त्यसको कार्यान्वयनको अनुगमन गरिने बारे समेत जानकारी गराउनु पर्दछ । यसकार्यमा सम्बन्धित स्थानीय निकाय, राजनीतिकदल, नागरिक समाज, स्थानीय सेवा प्रदायक( हरुको सहयोगात्मक भूमिका सम्बन्धमा स्पष्ट पार्नुपर्दछ ।

२. नागरिक समाजका संस्थाहरुले परिपालना अनुगमनको कार्य शुरुगर्दा सम्बन्धित स्थानीय निकायहरुमा तोकिएका सूचकहरुको अवस्था एकीन गर्न आधारभूत सर्भेक्षण गर्नुपर्दछ । आ( धारभूत सर्भेक्षण सम्बन्धित स्थानीय निकायहरुको समन्वयमा गरिनुपर्दछ र आएका विवरणहरु सम्बन्धित स्थानीय निकायबाट प्रमाणित गराई राख्नुपर्दछ । बेश लाइन सर्भेक्षणको ढाँचा अन( त्यमा दिइएको छ ।

३. उत्तरदायित्व अनुगमन गर्ने संस्थाहरुको नक्शांकन : सिएसओहरुले आफु कामगर्ने जिल्लाभरीमा उत्तरदायित्व प्रवर्द्धनमा कसले, कुन कुन र कतिवटा स्थानीय निकायहरुमा सामाजिक जवाफदेहिता/उत्तरदायित्व सम्बन्धी कार्य गरेका छन्, उनीहरुले गर्ने संक्षिप्त कार्य र सो को प्रगति समेत उल्लेख गरी संस्थागत विवरण तयारी गर्नुपर्नेछ । सम्बन्धित स्थानीय निकायहरुको संयोजकत्वमा ती संस्थाहरुसंग कार्यक्रम कार्यान्वयनमा दोहोरोपना हटाउन, खर्चका नर्म्स मा एकरुपता ल्याउन, कार्यक्रम कार्यान्वयनमा एकअर्काका सिकाइहरुबाट सिक्न, नागरिक सचेतनाका लागि, सञ्जाल निर्माण गर्न र जिल्लागत एकीकृत वार्षिक प्रतिवेदनहरु तयारी र सार्वजनिक गर्न सघाउ पुग्दछ ।

४. सिएसओहरुले स्थानीय निकायहरुमा उत्तरदायित्व प्रवर्द्धनका लागि ती निकायहरुले गर्नुपर्ने काम, कर्तव्यबारे नागरिकहरुलाई सुसूचीत गर्नुपर्ने हुन आउँदछ । यसर्थ, नागरिक सचेतनाका लागि जिल्लाभरी सबैठाउँमा सुनिने एफ एम रेडियोसंग सम्झौता गरी संस्थाले रेडियो कार्यक्रम सन्चालन गर्नुपर्दछ । स्थानीय निकायहरुको योजना तर्जुमा, बजेट, आन्तरिक आम्दानी, नीति तथा कार्यक्रम, योजना तर्जुमा प्रक्रिया र समावेशी अर्थपूर्ण सहभागीता, समावेशी बजेट, अनुगमन मूल्याँकन, नागरिक निगरानी/खबरदारी, लैंगिक उत्तरदायी बजेट, बालमैत्री सुशासन, वातावरण मैत्री सुशासन, नागरिक प्रवाह हुने सेवा र बजेट र कार्यक्रम, सार्वजनिक सुनुवाईको महत्व, सार्वजनिक सेवा सम्बन्धमा नागरिकहरुमा चेतनामूलक साप्ताहिक रुपमा १ घण्टाको रेडियो कार्यक्रम सामुदायिक रेडियोसँग संलग्न भइ प्रशारण गर्ने । रेडियो कार्यक्रममा परियोजनाका क्रियाकलापहरु, गीत र सफलता एवम असफलताका कथाहरु समावेश गर्न सकिनेछ ।

यसैगरी संस्थाले नागरिक शिक्षा, स्थानीय निकायमा परिपालना अनुगमन सम्बन्धमा भएका राम्रा कार्यहरुको प्रसारका लागि बुलेटिन ईत्यादि छपाई २ पटक कम्तिमा १००० प्रतिका दरले गर्नु र समुदायमा वितरण गर्नुपर्दछ । १/१ प्रति प्रतिवेदनमा समेत संलग्न गर्नुपर्दछ । रेडियो कार्यक्रम सन्चालन सम्बन्धी निर्देशिका संलग्न छ ।

५. जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिहरुले वार्षिक वजेट तथा कार्यक्रमहरु समावेशी तथा सहभागीतामूलक ढङ्गले कानून तथा नीति निर्देशिका अनुसार तर्जुमा भए नभएको अनुगमन र अन्तर विश्लेषण गर्ने । पालना अनुगमनका लागि सूचकहरु देहायअनुसार व्यवस्था गरिएका छन् :

(पुनश्च : प्रतिवेदनको खण्ड–छ का लागि पनि यीनै सूचकहरू कायम गरिएका छन्)

स्थानीय निकायको नाम : अनुगमन गरेको अवधि : देखि सम्म

***निर्देशन :*** कोलम अनुसार १) उल्लेखित विषयका सन्दर्भमा कानूनमा उल्लेख गरिएको विषय के थियो । कानून र निर्देशिका अनुसार नभएको अवस्थामा ऐन नियममा के थियो भन्ने कुरा यहाँ उल्लेख गर्ने । २) परिपालनाको अवस्था ऐन नियम अनुसार नभई के भईरहेको अवस्था छ यसमा उल्लेख गर्ने । ३) नियममा भएको र व्यवहारमा लागू भएको क्रियाकलाप विचको फरक यसमा उल्लेख गर्ने ४) स्थानीय निकायले एन नियम विपरीत व्यवहारमा गर्नेगरेको क्रियाकलाप उल्लेख गर्ने । ४) ऐन नियम अनुसार क्रियाकलाप नभई फरक अभ्यास भएको अवस्थामा नागरिक समाजका संस्थाहरुको पहलमा ती फरक क्रियाकलापहरु ऐन नियम तथा निर्देशिका वमोजिम नै संचालन गर्नका लागि सम्वन्धित स्थानीय निकायका कर्मचारी एवं सरोकारवालाहरुसंग वसी छलफलबाट गरिएको प्रतिवद्धताहरु यसमा उल्लेख गर्ने । ५) प्रतिवद्धता गरिए पश्चात ती पूराभए नभएको स्थिति यसमा उल्लेख गर्ने (प्रगति)

# पालना अनुगमनका लागि सूचकहरु

## विषयवस्तु

### १. गाविसस्तर

**क) समावेशी सहभागीतामूलक योजना तर्जुमा प्रक्रिया**

१. कानून र निर्देशिका अनुसार सहभागीतामुलक र समावेशी तरिकाले गाविसको वार्षिक योजना र कार्यक्रम बनाउने गाविसको संख्या.............

- गाउँ विकास समितिहरुले वार्षिक वजेट तथा कार्यक्रमहरु समावेशी तथा सहभागीतामूलक ढङ्गले कानून तथा नीति निर्देशिका अनुसार तर्जुमा भए नभएको अनुगमन र अन्तर विश्लेषण ।)

२. वस्तीस्तरको योजना तर्जुमामा सहभागी भएका वस्तीवासीहरुको प्रतिशत (कूल सहभागी सख्या........... महिला, पुरुष बालवालिका, जेष्ठनागरिक, अपाङ्ग, दलित जनजाती मधेसी अन्य) ।

३. योजना तर्जुमा प्रक्रियामा वडानागरिकमन्च (वनाम) र नागरिकसचेतनाकेन्द्र (नासके) सदस्यहरुको संलग्नता प्रतिशत.... (कूल उपस्थिति मा वनाम र नासके सदस्यहरुको प्रतिशत (सहभागीतामूलक योजना तर्जुमा प्रक्रियामा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदस्यहरुको सहभागीता भए नभएको अनुगमन)

४. नासके र बस्तीस्तरबाट आएका एवं वडा समिति (वनाम) को सिफारिश सहित गाविसमा पेश भएका आयोजना संख्या :

एकीकृत योजना तर्जुमा समिति (IPFC) ले आफ्नो अन्तिम छनोट सूचीमा राखेको योजना संख्या :

गाविसको जम्मा योजना वा कार्यक्रम संख्या........

५. सामाजिक परिचालन (नासके स्तर र वनाम) को माध्यमबाट पहिचान गरिएका योजनाहरु मध्ये प्राथमिकीकरण भै गाविसबाट स्वीकृत भएका योजनाहरुको संख्या.............................

६. एकीकृत योजना तर्जुमा समितिबाट प्राथमिकीकरण र सिफारिश भै गाँउपरिषद्बाट छनौट भएका कार्यक्रम तथा योजनाहरुको संख्या..... प्रतिशतमा

एकीकृत योजना तर्जुमा समितिबाट पेशभएका योजना संख्या ...पेश भएका मध्ये गाउँपरिषद्ले छनौट गरेका योजना संख्या ...........

**ख) बजेट व्यवस्थापन र कार्यान्वयन**

७. तोकिएको समयमा बजेटको अख्तियारी प्राप्त गर्ने गाविसहरुको संख्या..........

- गाउँ विकास समितिहरुले वजेटको अख्तियारी कहिले प्राप्त गरे तथ्याङ्क संकलन)

८. गाविस कार्यालय खुलेको दिन स्थानीय निकायका कर्मचारीहरुले कार्य गरेको दिन (प्रतिशतमा)

गाविस सचिव तथा अन्य कर्मचारीहरुले गाविसमा हाजिर भै विताएका प्रतिशत...........

(क) कूल हाजिरी दिन........... (ख) विदा वसेको दिन........... (ग) काजमा गएको दिन......... (घ) कूल कार्य गर्नु पर्ने दिन.... (हाजिरीको आधारमा)

९. गाविसहरुले लक्षित समूहका लागि विपन्न बालबालिका १०% महिला १०% लक्षित अन्य (सीमान्तीकृत) १५% विनियोजन गर्ने गाविसको प्रतिशत......

- लक्षित गरिएको क्षेत्रगत ३५% वजेट गाउँ विकास समितिहरुले १५% विपन्न दलित, १०% विपन्न वालबालिका, र १०% विपन्न महिलाहरुका तोकिए अनुसार छानिएका योजनामा छुट्टाएर खर्च गरियो वा गरिएन स्थानीय निकायको निर्णय तथा स्थलगत अनुगमन)

१०. जिविसबाट समयमै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गाविसको संख्या..........

११. सामाजिक सुरक्षा भत्ता पाएकाहरुको आधिकारिता सम्बन्धी सर्भेक्षण:

गाउँ विकास समितिबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने हरुको आधारको आधिकारिता छानबीन गर्न प्रत्येक गाउँ विकास समितिका ३ ओटा वडाहरुमा स्थलगत सर्भेक्षण

१२. स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९को पालना गरी

क) गाविस कर्मचारी वा सामाजिक परिचालकको उपस्थितिमा वनेका उपभोक्तासमितिहरुको संख्या.........

ख) उल्लेखित प्रतिनिधिहरुको अनुपस्थितिमा बनेका उपभोक्ता समिति संख्या............

१३. गाविसमा बनेको उपभोक्ता समितिको संख्या..

(क) सम्झौता अनुसारकामगरी तोकीएकै रकम माग गर्ने उ.स को संख्या..

(ख) तोकिएको काम भन्दा बढी काम गरी रकम माग गर्ने उपभोक्तासमितिको संख्या.......

(ग) तोकिएभन्दा फरक कामगरी रकम माग गर्ने उ.स को संख्या.........

१४. आयोजना संचालन गर्ने निकायले

(क) मेसिनरी सामाग्री जस्तै लोडर, डोजर, एक्सक्याभेटर, विटुमिन व्वाइलर आदि प्रयोग गरी काम गराएका आयोजनाकोसंख्या .........

(ख) मानिस लगाई ज्यालामा काम गराएका आयोजना संख्या....

१५. प्रत्येक गाविसमा योजनाबाट प्रत्यक्ष लाभग्राही घरधुरीहरुबाट २ महिला प्रतिनिधि  र १ जना वनामको प्रतिनिधित्व गराइ निमार्ण गरीएका अनुगमन र सहजीकरण समितिको संख्या.......प्रतिशत................

गाविसको कूल आयोजना संख्या : .....

१६. योजनाको गुणस्तर कायम गर्न अनुगमन तथा सहजीकरण समितिका सदस्यहरुबाट अनुगमन गरिएको आयोजना संख्या........

- उपभोक्ता समितिहरुले सम्पन्न गरेका कार्यहरुको स्तर कायम भए नभएको, उपभोक्ता समिति भित्रको सहजीकरण तथा अनुगमन समितिले सक्रियता लिए नलिएका अनुगमन प्रतिवेदन तथा उनीहरुले दिएको सुझावको आधारमा) सक्रियता लिएका योजना संख्या...........

१७. गाविसको अन्तिम लेखापरीक्षण सम्बन्धमा एकीकृत योजना तर्जुमा समितिले दिएको पृष्ठपोषण कार्यान्वयनको अवस्था :

**ग) अनुगमन र निरीक्षण**

१८. उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुको गुणस्तर सुनिश्चित गर्न गाविस सुपरीवेक्षण तथा  अनुगमन समिति (VDC SMC) बाट जारी गरिएका निर्णय/सूचनाहरुको संख्या......

१९. गाविसगत सार्वजनिक परीक्षण नगरी अन्तिम किस्ता भुक्तानी गरिएका आयोजना संखया ........, प्रतिशत ......

आयोजना सम्पन्न भै सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्राप्त गरी  सम्वन्धित पक्ष (आयोजना संचालन गर्ने निकाय) लाइ अन्तिम किस्ता भुक्तानी प्रदान गरिएका आयोजनाहरुको संख्या.............. प्रतिशत .........

२०. नागरिक वडापत्रको अद्यावधिक अवस्था

क) अद्यावधिक भएको संख्या...

ख) अद्यावधिक नभएको संख्या.... र वडापत्रमा तोकिएको सेवा  तोकिएकै समय, दिन, र शुल्क बमोजिम सेवा प्रदान गरेका गाविसहरुको संख्या...............

२१. वनामले सामाजिक जवाफदेहिताको औजार प्रयोग गरी संयुक्त अनुगमन, सामाजिक परीक्षण, सार्वजनिक परीक्षणको  माध्यमबाट नागरिकका गुनासाहरुलाई सम्बोधन गर्ने अभ्यास गरको संख्या........

२२. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको कार्यविधिमा तोकिएअनुसारका सबै प्रकृया पु¥याइ सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण, सामाजिक परीक्षण आयोजना गरिएको संख्या........

२३. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, तथा सामाजिक जवाफदेहिताका वखत जाहेर गरिएका प्रतिवद्धता मध्ये यथार्थमा कतिवटाले पूर्णता पाए । (प्रतिवद्धता संख्या..........पूराभएको प्रतिवद्धता संख्या....

२४. गाविसस्तरमा सुपरीवेक्षण तथा अनुगमन समितिबाट अनुगमन भएका पूर्वाधारजन्य योजनाहरुको संख्या..... प्रतिशत....... (कूल योजनाको संख्या......, अनुगमन भएका आयोजना संख्या कति..)

## २. नगरपालिका तह

२४. गाविसस्तरमा सुप

**क) समावेशी सहभागीतामूलक योजना तर्जुमा प्रकृया**

२५. वस्ती स्तरको संयुक्त योजना बैठकमा वस्तीवासीहरुको सहभागीता प्रतिशत (टोलस्तरको कस कसले भाग लिए (जातीय, क्षेत्रीय, लिङ्गीयआधार वनाम, नासके सवै हेर्ने ।)

२६. नासकेबाट पहिचान गरी नगरपालिका समक्ष वडानागरिक मन्च (वडा समिति) बाट पेश गरेका योजनाको संख्या.......... प्रतिशत......... ( नासकेबाट पहिचान कूल योजना संख्या.....वडावाट नगरपालिकामा पेश गरेका योजना संख्या............

२७. जो कार्यक्रम र योजनाको एकीकृत योजना तर्जुमा समिति (IPFC) ले आफ्नो अन्तिम छनोट सूचीमा राखेको थियो ती परियोजना वा कार्यक्रमहरुको संख्या.....

२८. बस्तीस्तर (सामाजिक परिचालन)बाट पहिचान भै नगरपालिकाको प्राथमिकता परी स्वीकृत भएका योजनाहरुको संख्या....

२९. एकीकृत योजना तर्जुमा समितिले तयार गरी (क) नगरपरिषद्बाट स्विकृत गरिएका योजनाहरुको संख्या....

(ख) यो.त.स बाट तयार गरिएका कूल योजना संख्या.....

**ख) बजेट व्यवस्थापन र कार्यान्वयन**

३०. प्रत्येक नगरपालिकाले लक्षित वर्गको लागि लक्षित वर्गको अनुदानवाट विपन्न महिलाको लागि १०%, विपन्न वालवालिकाको लागि १०%, विपन्न वर्गको लागि १५% विनियोजन गरी छनौट गरेका परियोजनाहरुको प्रतिशत लक्षित वर्गहरुले माग गरेका योजनाहरु मध्ये कति प्रतिशत नगर परिषद्बाट छनौट भयो ।

(क) माग गरेका योजना कतिवटा............. (ख) छनौटमा परेका योजना कतिवटा :

(लक्षित गरिएको क्षेत्रगत ३५% वजेट तोकिए अनुसार छानिएका नगरपालिकाहरुले १५% दलित, १०% वलबालिका, र १०% महिलाहरुमा छुट्टाएर खर्च गरियो वा गरिएन स्थानीय निकायको निर्णय तथा स्थलगत अनुगमन )

३१. नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट समयमै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नगरपालिकाको संख्या.......

३२. नगरपालिकाले सो भत्ता वास्तविक व्यक्तिहरुलाई दिए दिएनन ? समयमै वितरण गरे गरेनन ? भनी छनौट गरिएका प्रत्येक नगरपालिकाका ३ वटा वडामामा नमूना तथ्याङ्क संकलन गरी सो भत्ता पाएको संख्या....नपाएको संख्या.....कूल संख्या............ उल्लेख गर्ने ।

३३. स्थानीय निकाय श्रोत परिचालन तथा ब्यबस्थापन कार्यविधि २०६९ अनुसार नगरपालिका कर्मचारी वा सामाजिक परिचालकको उपस्थितिमा वनेका उपभोक्तासमितिहरुको प्रतिशत

(क) सामाजिक परिचालक र नपा कर्मचारीको उपस्थितिमा नगरपालिकामा वनेका उपभोक्ता समितिहरुको संख्या.... ........प्रतिशत........ (कतिवटा कानून सम्मत बने)

(ख) सामाजिक परिचालक र नपा कर्मचारीको अनुपस्थितिमा वनेका उपभोक्ता समितिहरुको संख्या....... प्रतिशत............ (कतिवटा कार्यविधि विपरीत/कानून विपरीत वने)

३४. नगरपालिकाले बनाएका उपभोक्ता समितिको संख्या जसले

(क) सम्झौता अनुसार तोकिएको कामगरी तोकीएकै रकम माग गर्ने उ.स को संख्या.......

(ख) तोकीएको काम भन्दा बढी काम गरी रकम माग गर्ने उपभोक्तासमितिको संख्या.......

(ग) तोकिएभन्दा अर्को कामगरी रकम माग गर्ने उ.स को संख्या.............

३५. श्रमिकहरुलाई ज्याला प्रदान गरेर निर्माण कार्य गराएका उपभोक्ता समितिहरुको संख्या..........प्रतिशत........... (कतिवटा उपभोक्ता समिति गठन भए र कतिवटाले यसको अवलम्वन गरे ।)

श्रमिकलाई ज्याला नदिई मेशिनरी औजारहरुको प्रयोग गर्ने उपभोक्ता समिति संख्या.........प्रतिशत........

३६. उपभोक्ता समितिहरुले सम्पन्न गरेका कार्यहरुको स्तर कायम भए नभएको, उपभोक्ता समिति भित्रको सहजीकरण तथा अनुगमन समितिले सक्रियता लिए नलिएको, (वनेका अनुगमन समिति संख्या........र सक्रिय भएका अनुगमन समिति संख्या...........प्रतिशत............( उनीहरुको निर्णय तथा दिएको सुझावको आधारमा हेर्ने)

३७. गाउँ विकास समिति तथा नगरपालिकाको अन्तिम लेखा परीक्षण प्रतिवेदनमा उठाइएका विषयहरुमा एकीकृत योजना तर्जुमा समिति (IPFC) ले पृष्ठपोषण प्रदान गरे अनुसार गाउँ विकास समिति तथा नगरपालिकाले सम्वोधन गरे नगरेको (कतिवटामा सम्बोधन भयो कतिवटामा भएन)

**ग) अनुगमन र निरीक्षण**

३८. सुपरीवेक्षण तथा अनुगमन समिति ले नगरपालिकामा उपभोक्ता समितिहरुले सम्पन्न गरेका योजनाहरु समयमै सम्पन्न गराउने र गुणस्तर कायम गर्ने सम्वन्धमा उपभोक्ता समितिलाई निर्देशन गरेको संख्या....(निर्णय पुस्तिका तथा दिएको सुझावको आधारमा)

३९. कार्य सम्पन्न भएपछि सम्वन्धित आयोजना कार्यान्वयन गर्ने निकायले पूरागर्नु पर्ने भनी निर्देशित गरे अनुसार सार्वजनिक परीक्षण र सोको प्रतिवेदन स्थानीय निकायमा पेश गरे नगरेको

(क) स्थानीय निकायले कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि मात्र अन्तिम भुक्तानी गरेको संख्या.........प्रतिशत..........

(ख) प्रक्रिया पूरानगरी भुक्तानी दिईएको संख्या... प्रतिशत.......

(कतिवटा योजना थिए, कतिवटामा यो प्रकिया पूरागरिया ?) वडा नागरिक मन्चको सहयोगमा परीक्षण गरिएको भनिएको योजनाको योजना स्थलमा सार्वजनिक परीक्षण गरिएको हो होईन पत्ता लगाउने ।

४०. नागरिक वडापत्रको अद्यावधिक गरेको नगरपालिका संख्या....... नागरिक वडापत्र अद्यावधिक नगरेको नगरपालिका संख्या....वडापत्रमा उल्लेख भएका प्रावधान अनुसार सेवा तोकिएकै समय, दिन, र शुल्कमा प्राप्त भए नभएको( पालनाभएको संख्या.......पालना नभएको संख्या..........

४१. वनामले संयुक्त अनुगमन, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, गुनासाहरुको सम्बोधन गर्ने परि पाटी वसाल्न नागरिक सचेतनाको लागि गरिएका पहल संख्या.........

वनामले सामाजिक जवाफदेहिताको औजार प्रयोग गरी संयुक्त अनुगमन, सामाजिक परीक्षण, सार्वजनिक परीक्षणको माध्यमबाट नागरिकका गुनासाहरुलाई सम्बोधन गर्ने अभ्यास गरेको संख्या............

४२. सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण र सार्वजनिक परीक्षणहरु तालुक मन्त्रालयबाट तोकिएको कार्यविधि अनुसार सम्पन्न भएको संख्या... (सम्पन्न संख्या.... र विधि अनुसार गरिएका संख्या...

४३. सार्वजनिक परीक्षण तथा सामाजिक जवाफदेहिताका वखत जाहेर गरिएका प्रतिवद्धता मध्ये यथार्थमा कतिवटाले पूर्णता पाए ।

(क) प्रतिवद्धता संख्या..........

(ख) पूराभएको प्रतिवद्धता संख्या:

४४. नपा स्तरमा सुपरीवेक्षण तथा अनुगमन समितिबाट अनुगमन भएका पूर्वाधारका संरचनाहरुको योजनाहरुको प्रतिशत

(क) योजनाको कूल संख्या .....

(ख) अनुगमन भएका संख्या......

४५. वित्तीय जोखिमको न्युनीकरण गर्नको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशित गरे अनुसार वित्तीय जोखिम को न्युनीकरण गर्न सार्वजनिक खर्च, वित्तिय जवाफदेहिता, लागि/कार्ययोजनाका लगि गरीएका पहलहरुको संख्या......

## ३. जिल्ला विकास समिति तह

### क) समावेशी सहभागीतामूलक योजना तर्जुमा प्रक्रिया

४६. जिविसको ईलाका स्तरको बैठकले एकीकृत योजना तर्जुमा समितिले प्रत्येक गाउँ विकास तथो प्राथमिकीकरण तथा सिफारिस गरेका कार्यक्रम तथा योजनाहरुको निरन्तरताको लागि अन्तिम सूचीमा राखेको कार्यक्रम तथा योजना संख्या.......

४७. लक्षित वर्गको लागि सामाजिक परिचालनको माध्यमबाट आएका योजनाहरु जिल्ला विकास समितिले प्राथमिकीकरण गरी स्वीकृत गरेका संख्या..................... (सामाजिक परिचालनको माध्यमबाट बस्तीस्तरबाट मागभै आएका योजनाहरुको संख्या.. जिविसबाट ती मध्ये स्वीकृत संख्या........

जिल्ला विकास समितिहरुका ईलाका बैठकहरुबाट सुझाव गरेका र प्राथमिकतामा राखेका परियोजना तथा कार्यक्रमलाई एकीकृत योजना तर्जुमा समिति (IPFC) ले आफ्नो अन्तिम छनोट सूचीमा राखेको योजना संख्या....

४८. सम्वन्धित एकीकृत योजना तर्जुमा समिति (एयोस) हरुले प्राथमिकतामा राखेका परियोजना तथा कार्यक्रमहरुलाई स्थानीय निकायको परिषद बैठकहरुले प्राथमिकतामा राखे नराखेको । एयोस ले प्राथकितामा राखी पठाएको संख्या......र परिषद्ले परित गरेको संख्या....

### ख) बजेट व्यवस्थापन र कार्यान्वयन

४९. लक्षित वर्गहरुले माग गरेका योजनाहरु मध्ये जिल्ला परिषद्बाट छनौट भएको प्रतिशत............

(क) माग गरेका योजना.......

(ख) छनौटमा परेका योजना..... कूल योजना.....

(लक्षित गरिएको क्षेत्रगत ३५% वजेट तोकिए अनुसार छानिएका जिल्ला विकास समितिहरुले १५% दलित, १० % विपन्न वालबालिका, र १०% महिलाहरुमा छुट्टाएर खर्च गरियो वा गरिएन स्थानीय निकायको निर्णय तथा स्थलगत अनुगमन )

५०. सामाजिक सुरक्षा भत्ता जिविसले गाविस र नगरपालिकमा पठाएको विवरण ।

(क) ठीक समयमा पठाएको (आसोज,माघ १६ र जेष्ठ १५) पटक.......

(ख) अन्य समयमा पठाएको संख्या (पटक)...........

५१. सामाजिक परिचालक र जिविस कर्मचारीको उपस्थितिमा बनेका उपभोक्ता समितिहरुको संख्या .......... प्रतिशत ........

सामाजिक परिचालक र जिविस कर्मचारीको अनुपस्थितिमा बनेका उपभोक्ता समितिहरुको संख्या.......प्रतिशत........

५२. जिविसले बनाएका उपभोक्ता समिति

(क) सम्झौता अनुसार तोकिएको कामगरी तोकिएकै रकम माग गर्ने उ.स को संख्या.....

(ख) तोकिएको काम भन्दा बढी काम गरी रकम माग गर्ने उपभोक्ता समितिको संख्या......

(ग) तोकिएभन्दा अर्को कामगरी रकम माग गर्ने उ.स को संख्या

(घ) मेसिनरी प्रयोग गराएका उपभोक्ता समिति संख्या..........प्रतिशत..........

(ङ) ज्यालाबाट काम गराएका उपभोक्ता समिति संख्या.......प्रतिशत......

५३. ठूला मशिनहरु जस्तै डोजर, एक्सक्याभेटर, रोलर, ग्रेडर, विटुमिन डिष्ट्रिव्यूटर्स को प्रयोगगरी जिविसको आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समितिहरुको संख्या र प्रतिशत

५४. उपभोक्ता समितिहरुले सम्पन्न गरेका कार्यहरुको स्तर कायम भए नभएको, उपभोक्ता समिति भित्रको सहजीकरण

तथा अनुगमन समितिले सक्रियता लिए नलिएको, (उपभोक्ता समिति स्तरमा गठन भएका अनुगमन समिति संख्या.... र सक्रिय भएका अनुगमन समिति संख्या.....

**ग) अनुगमन र निरीक्षण**

५५. जिविस सुपरीवेक्षण तथा अनुगमन समितिले जिल्ला विकास समिति बाटै बनाईएका उपभोक्ता समितिहरुबाट अगाडि बढाएका परियोजनाहरुको गुणस्तर कायम गर्न र समयमै सम्पन्न गराउनका लागि निर्णयहरु/सूचनाहरु जारी गरेको संख्या................

५६. जिल्ला विकास समितिले सम्वन्धित पक्षलाई भुक्तानी दिदा तोकिए अनुसार सार्वजनिक परीक्षण, र यसको प्रतिवेदन प्रस्तुत नगरीकन अन्तिम भुक्तानी दिएका योजनाहरु को संख्या............

(क) कूल योजना संख्या........

(ख) विधि पुऱ्याएर अनतिमी भुक्तानी दिएका योजना संख्या.......

५७. जिविसले नागरिक वडापत्रको अद्यावधिक गरेको र वडापत्रमा उल्लेख भएका प्रावधान अनुसार सेवा तोकिएकै समय, दिन, र शुल्कमा प्रदान गरेको......प्रदान नगरेको...वडापत्रको पालना कति प्रतिशत .........

५८. उपभोक्ता मार्फत कार्यान्वयन भएका आफ्ना कार्यक्रम र आयोजनाहरुमा गुणस्तरीयता कायम गर्न जिल्ला सुपरिवेक्षण तथा अनुगमन समितिले दिएका सुधारका कार्यहरु जिविसले कस्ता किसिमका उपायहरु अपनाएको पाइयो ? आयोजनाहरुको मूल्यांकन गरी पत्ता लगाउने। सुधारका कार्यहरु अपनाइएका आयोजना कार्यक्रम संख्या र प्रतिशत ..........

५९. तोकिएको कार्यविधिको पालना भै public hearing, social audit and public audit हरु आयोजना भएको संख्या.......

६०. Public Audit, Social audit and Public hearing का वखत (क) प्रतिवद्धता गरिएका कूल प्रतिवद्धता संख्या.......

(ख) गरिएका प्रतिवद्धताहरुमध्ये पूराभएका प्रतिवद्धता संख्या....

६१. जिल्ला सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमन गरेका आयोजनाको संख्या ..... र प्रतिशत .........

६२. वित्तीय जोखिमको न्युनीकरण गर्नको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशित गरे अनुसार वित्तीय जोखिमको न्युनीकरण गर्न सार्वजनिक खर्च, वित्तीय जवाफदेहिता, लागि कार्ययोजना/ गरिएका अभ्यासहरु संख्या :

**गुनासा सुनुवाई सम्बन्धी**

१. वडा नागरिक मञ्चले संयुक्त रुपमा सार्वजनिक परीक्षण तथा सामाजिक जवाफदेहिताका लागि खेलेको भूमिका, उपभोक्ता समितिले आफूहरुप्रतिका गुनासाहरुको सम्वोधन गरे नगरेको

२. नागरिकका तर्फबाट सन्चालित निगरानी, खबरदारीका क्रियाकलापहरु प्रभावकारी भए नभएको

३. कार्य सम्पन्न भएपछि सम्वन्धित आयोजना कार्यान्वयन गर्ने निकायले पूरागर्नु पर्ने भनी निर्देशित गरे अनुसार सार्वजनिक लेखा परीक्षण र सोको प्रतिवेदन स्थानीय निकायमा पेश गरे नगरेको एवं स्थानीय निकायले कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि मात्र अन्तिम भुक्तानी दिएको हो वा होइन ?

४. स्थानीय निकायले नागरिक वडापत्रमा उल्लेख भएका प्रावधान अनुसार सेवा तोकिएकै समय, दिन, र शुल्कमा प्राप्त भए नभएको ?

५. वडा नागरिक मञ्चले संयुक्त रुपमा सार्वजनिक परीक्षण तथा सामाजिक जवाफदेहिताका लागि खेलेको भूमिका, उपभोक्ता समितिले आफूहरुप्रतिको गुनासाहरुको सम्वोधन गरे नगरेको ?

त) नागरिकका तर्फबाट सन्चालित निगरानी, खबरदारीका क्रियाकलापहरु प्रभावकारी भए नभएको ?

*खण्ड ६ को परिपालना अनुगमान पनि यसैमा उल्लेख गरिएको छ ।*

## सब–ईन्जिनीयरहरुका लागि आयोजनाहरुको पालना अनुगमनका थप सूचकहरु :

| क्र. सं. | आधारभूत सूचकहरु | जानकारी संकलन तरिका (Means of Verification) |
|---|---|---|
| | ठेक्कामा निर्माण कार्यको लागि | |
| १ | आयोजना छनौट कुन श्रोत वाट भएको ? | परिषद निर्णय |
| २ | आयोजनाको लगत ईष्टिमेट, ड्इङ, स्केच समावेश छ / छैन ? | |
| ३ | लागत इष्टिमेटमा गुणस्तर परीक्षणको प्रावधान राखिएको छ छैन | |
| ४ | छनौट प्रक्रिया दरभाउ (१० लाख सम्म) वा वोलपत्र (१० लाख भन्दा माथि) के हो ? | नीति र माईनुट |
| ५ | प्रकाशित सूचनामा दरभाउ (१५ दिन कम्तीमा), वोलपत्र (राष्टिय दैनिकमा ३० दिन) भएकोमा कति दिन अवधि राखी प्रकाशित गरेको ? | प्रकाशित सूचना |
| ६ | Bid Security वोलपत्र १२० दिन र दरभावमा ९० दिन भएकोमा कति दिन गरेको ? | दरभावको कागजात |
| ७ | प्रतिस्पर्धा (Lowest Biding) वा कुन विडीङग भएको हो ? | छनौट भएको निर्णण |
| ८ | कवोल अंकको २.५ प्रतिशत धरौटी राखे नराखेको ? | वैक भौचर |
| ९ | टेण्डरको समिति गठन भए नभएको ? | समिति गठन माईनुट |
| १० | ठेक्काका लागि आवेदक संस्था छनौट गर्दा मुल्याङकन समितिको लिखित निर्णय छ छैन ? | मूल्याकन समिति गठन माईनुट |
| ११ | छनौट भएको आसय पत्र सबै टेण्डर आवेदनकर्ता ७ दिन भित्र उपलब्ध गराए नगराएको ? | पत्राचार |
| १२ | सम्झौता गर्न आउन ७ दिनको जानकारी दिए नदिएको ? | पत्राचार |
| १३ | सम्झौता र कार्य आदेश दिए नदिएको ? | आदेश पत्र |
| १४ | २० प्रतिशत पेश्की लिएको र सो का लागि धितो राखे नराखेको Mobilization ? | पेश्की माग पत्र र धितो व्यवस्था |
| १५ | Running Bill माग गर्दा Site In-charge ले Measurement गरे नगरेको ? | अनुगमन प्रतिवेदन |
| १६ | प्राविधिकले आयोजनाको अनुगमन गरेको नगरेको ? सव इन्जिनीयर ले अनुगमन गरेको पटक ...., इन्जिनीयरले अनुगमन गरेको पटक .... | अनुगन प्रतिवेदन |
| १७ | काम सम्पन्न भै सके पछि ईस्टिमेट र मापदण्ड अनुसार अन्तिम मूल्यांकन प्रतिवेदन पेश गरे नगरेको ? | अन्तिम मूल्यांकन प्रतिवेदन |
| १८ | आयोजना स्थलमा नागरिकहरुका तर्फवाट अनुगमन गरिएको छ ? | नागरिकहरुको तर्फवाटको निगरानी अनुगमन र सुझाव |
| १९ | प्रविधिकहरुले प्रतिवेदन सहजै उपलब्ध गराए नगराएको ? | ठेकदारको संग छलफल |
| २० | ठेकेदारले सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरे । नगरेको | |
| २१ | सार्वजनिक सुनुवाईमा आयोजना क्षेत्रका बासिन्दाहरु खासगरी लक्ष्यित बर्गहरुलाई खबर गरे नगरेको | |
| २२ | काममा ढिलाई भएको अवस्थामा कार्यालयले पत्राचार गरी ताकेता गरे नगरेको ? | पत्राचार गरेको पत्र |
| २३ | कार्यालयले निर्माण व्यवसायी लाई भुक्तानी दिंदा ५ प्रतिशत रकम धरौटी वापत Deposit राखे नराखेको ? | धरौटी राखेको कागज |

| क्र. सं. | आधारभूत सूचकहरु | जानकारी संकलन तरिका (Means of Verification) |
|---|---|---|
| २४ | प्राविधिकबाट सुपरिवेक्षण र मुल्याङ्कन नियमित रुपमा भएको छ छैन ? | |
| २५ | जिल्ला विकास समितिबाट समय समयमा अनुगमन भए नभएको । अनुगमन प्रतिवेदन दिएको छ छैन ? अनुगमनकर्ताबाट दिइएको सुझाव अनुसार काम भएको नभएको ? | जिविसको मूल्याकन प्रतिवेदन |
| २६ | ठेकदारले समयमा भुक्तानी पाए नपाएको ? | |
| २६ | लेखावाट समयमा निकासा प्राप्त भए नभएको ? | ठेकदार संगको छलफल |
| २७ | सामाग्री गुणस्तरको प्रयोग गरे नगरेको ? | समुदाय, ठेकदार र जिविस संग छलफल र स्वतन्त्र प्राविधिक वाट जाच |
| २८ | गुणस्तर मापदण्ड अनुसार निर्माण गरे नगरेको परीक्षण गरिने व्यवस्था भए नभएको ? | समुदाय, ठेकदार र जिविस संग छलफल |
| २९ | समयमा निर्माण सम्पन्न गरे नगरेको ? | समुदाय, ठेकदार र जिविस संग छलफल |
| | उपभोक्ता समिति मार्फत निर्माण कार्यको लागि | |
| | गाविस र जिविस मार्फत स्वीकृत आयोजनाहरु | |
| १ | आयोजना छनौट कुन श्रोत वाट भएको ? | |
| २ | आयोजनाको लगत ईष्टिमेट, ड्इङ, स्केच समाबेश छ / छैन ? | |
| ३ | लगत इष्टिमेटमा गुणस्तर परीक्षणको प्रावधान राखिएको छ छैन | |
| ४ | कार्यक्रम/आयोजना छनौट गरी गाविसले जिविसलाई पेश गरेको छ छैन ? यदि पेश भएको छ भने कस्ता योजना पेश भएका छन् ? | निर्णय  र कार्यक्रम दस्तावेज |
| ५ | जिविसले गाविसलाई दिएको अनुदान रकममा गाविस र जिविसका बीच भएको संझौता ऐन बमोजिम छ छैन ? | सम्झौता पत्र |
| ६ | कार्यक्रम सञ्चालन गर्दा आर्थिक निकासा र प्राप्त जगेडा प्रकृया ऐन बमोजिम छ छैन ? बैंक खाता मार्फत वा अन्य तरिकाले के कसरी भएको छ ? | प्रकृया अध्यन |
| ७ | आयोजना स्थलमा आयोजना सूचना पाटी राखिएको छ ? छैन ? | |
| ८ | आयोजना खाता राखिएको छ ? आयोजना खाता उपयुक्त रुपमा भएिको छ छैन | |
| ९ | उपभोक्ता समितिको बैठक बस्ने गरेको छ ? बैठक संख्या : | |
| १० | आयोजनामा प्रयोग हुने सामग्रीको प्राविधिक गुणस्तर परीक्षण हुने गरेको छ ? | |
| ११ | ठेकेदारले सार्वजनिक परीक्षण र सुनुवाई गरे, नगरेको | |
| क) | उपभोक्ता समिति गठन | |
| १ | दफा ४८,४९ र नियमावलीको दफा ६७ बमोजिम उपभोक्तासमिति गठन | निर्देशिका अध्ययन |
| २ | गाविसबाट सञ्चालन हुने आयोजना स्थलमै उपभोक्ता समिति गठन भएको छ छैन ? भएको भए ऐन बमोजिम भएको छ छैन ? | समुदाय संग छलफल |
| ३ | आयोजनाबाट प्रत्यक्ष  लाभान्वित हुने घर परिवार पहिचान गरी त्यस्तो घर परिवारको आम भेलाबाट आयोजना स्थलमा नै ७ देखि ११ सदस्यीय उपभोक्तासमिति गठन भएको छ छैन | उपभोक्ता समितिको माइन्युट अध्ययन |

| क्र.सं. | आधारभूत सूचकहरु | जानकारी संकलन तरिका (Means of Verification) |
| --- | --- | --- |
| ४ | भेलाको उपस्थिति समावेसी रहेनरहेको ? ३३ प्रतिशत महिला र दलित, बालक्लब सदस्य, ज. अन्य ... | उपभोक्तासँग छलफल |
| ५ | अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला सदस्य अनिवार्य छ छैन | उपभोक्तासँग छलफल |
| ६ | लाभान्वित समुहमा दलित, आदिबासी, जनजाती, पिछडिएको समुदाय तथा वर्गको उपस्थिति भएको नभएको | उपभोक्तासँग छलफल |
| ७ | उपभोक्तासमितिमा १ घरपरिवारबाट १ जना भन्दा बढी सदस्य भए नभएको | उपभोक्ता समितिको माइन्युट अध्ययन |
| ८ | उपभोक्तासमितिमा कर्मचारी, राजनैतिक दलका स्थानीय कार्यसमितिका सदस्य, शिक्षक भन्दा बढी सदस्य छन कि ? | उपभोक्तासँग छलफल |
| ९ | कस्ता कस्ता व्यक्तिहरु उपभोक्तासमितिमा सदस्य रहेका छन् ? (समावेशीका हिसाबले) | उपभोक्तासँग छलफल |
| १० | उपभोक्ता समिति गठन गर्दा स्थानीय निकायले तोकेको कर्मचारी प्रतिनिधिको रोहवरमा गरेको छ छैन ? | उपभोक्तासँग छलफल |
| ११ | समितिको वैठक बस्ने गरेको छ छैन, आयोजना खाता, उपस्थिति र निर्णय प्रकृया ? | उपभोक्ता समितिको माइन्युट अध्ययन |
| १२ | उपभोक्ता समिति गठन गर्दा आयोजनाको सहजीकरण एवम अनुगमन गर्न २ जना महिला र वडा नागरिक मञ्च बाट १ जना सहित ५ सदस्यीय अनुगमन समिति गठन गरिएको छ कि छैन ? अन्तिमी भुक्तानी एवम फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिस लिने गरिएको छ कि छैन ? | उपभोक्ता समितिको माइन्युट अध्ययन, उपभोक्तासँग छलफल |
| १३ | उपभोक्ता समिति कुन प्रक्रियाबाट चयन गर्ने गरिएको छ ? सर्वसम्मतिबाट वा चुनावी प्रक्रियाबाट ? | उपभोक्ता समितिको माइन्युट अध्ययन, उपभोक्तासँग छलफल |
| १४ | उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजनाको संझौता हुनु पूर्व अध्यक्ष, सचिव र कोषाध्यक्षले सामूहिक रुपमा अनुशिक्षण कार्यक्रम संचालन गरेका छन छैन्न | उपभोक्तासँग छलफल |
| ख) | आयोजनाको सम्झौता र कार्यान्वयन | |
| १ | आयोजनाको संझौता मिति | संझौतापत्र, स्थानीय निकायसँग छलफल |
| २ | आयोजना कार्यान्वयन सुरु भएको मिति | स्थलगत अवलोकन, समिति तथा उपभोक्तासँग छलफल |
| ३ | आयोजना संबन्धी उपभोक्तालाई जानकारी | उपभोक्तासँग छलफल , सूचना बोर्ड |
| ४ | आयोजना कार्यान्वयनमा जनसहभागीताको स्थिति | उपभोत्तासँग छलफल |
| ५ | आयोजनालाई प्राप्त बजेट तथा सामग्री तथा तिनको गुणस्तर | संझौता पत्र, सामग्रीको अवलोकन |
| ६ | आयोजनामा प्रयोग भएको सामग्री, तथा तीनको गुणस्तर | आयोजनाको गुणस्तर |
| ७ | सामग्री खरीद प्रकृया(खरीद निर्णय आदि) | माइन्युट अध्ययन, समिति, उपभोक्तासँग छलफल |
| ८ | खर्च (आयोजनाको लागि सामग्री खरिद,ज्याला भुक्तानी आदि) को औचित्यता | बिल भर्पाईको अध्ययन, उपभोक्ता, कामदारसँग छलफल, सामग्री अवलोकन |

| क्र. सं. | आधारभूत सूचकहरु | जानकारी संकलन तरिका (Means of Verification) |
|---|---|---|
| ९ | जनसहभागीता र प्राप्त बजेटबाट बेहोरिएको खर्च | जनसहभागीता रजिस्टर, कामको अवलोकन |
| १० | आयोजनास्थलमा आयोजना सूचना पाटी (होर्डिङ बोर्ड) राखिएको छ ? | |
| ११ | आयोजना कार्यान्वयनको क्रममा प्राविधिकबाट भएको अनुगमन  सहयोग पटक | उपभोक्ता समितिसँग छलफल, स्थानीय निकायका कर्मचार ीसँग छलफल |
| १२ | आयोजनाको सार्वजनिक परीक्षण गरिएको छ ? सार्वजनिक परीक्षणमा सबै उपभोक्ताको उपस्थिति थियो ? उपस्थित संख्या : महिला पुरुष, सीमान्तीकृत, दलित, | |
| १३ | आयोजनाको कार्यान्वयन पूरागर्न लागेको समयावधी | उपभोक्ता समिति र उपभोक्तासँग छलफल |
| १४ | खातापाता विल भर्पाई व्यवस्थापन - माइनयुट, योजना खाता, विल भर्पाई, पत्राचार गरेका र प्राप्त पत्र आदि | खातापाता र विल भर्पाई अध्ययन |
| १५ | आयोजना फरफारक | स्थानीय निकाय र उपभोक्तासँग छलफल |
| १६ | उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन भएको छ कि छैन ? | उपभोक्ता समितिसँग छलफल |
| १७ | उपभोक्ता समितिले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा सूचना टाँस गरेको छ छैन ? | स्थलगत निरीक्षण, उपभोक्तासँग छलफल |
| १८ | उपभोक्ता समितिले भुक्तानी कहाँबाट कसरी प्राप्त गरेको छ ? | उपभोक्ता समितिसँग छलफल |
| १९ | उपभोक्ता समितिको सञ्चालन गर्ने गरी संझौता भएको कार्यक्रम/आयोजना उपभोक्ता समितिले स्वयम कार्यान्वयन नगरी कुनै निर्माण व्यवसायी वा सव कन्सल्टेन्ट बाट गरेका छन ? गरेका भए संझौता रद्ध गरी बैकल्पिक रुपमा कार्यान्वयन गरेका छन छैनन् ? | स्थानीयनिकाय र उपभोक्तासँग छलफल |
| १८ | उपभोक्ता समिति गठन र यसको बैठकको निर्णयहरु समितिको सचिवले राखेको छ छैन ? | निर्णय पुस्तिका हेरेर |
| १९ | आयोजना सम्पन्न भई सकेपछि गाविसले रेखदेख र मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छ छैन ? संयुक्त हस्ताक्षरको आयोजना खाता गाँउ विकास समितिको अभिलेखमा राखेको छ छैन ? | |
| २० | आयोजना स्थलमा सार्वजनिक परीक्षण भएको छ छैन ? | |
| २१ | उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन  अनुसुची १७ को ढाँचामा संझौता तोकिए बमोजिमको समयमा गाविसमा पठाएका छन छैनन् ? | |
| ग | आयोजना संचालन | |
| १ | आयोजनाबाट प्राप्त लाभमा सहभागीता | उपभोक्तासँग छलफल, लाभग्राहीको सूची तयार गर्ने |
| २ | आयोजनाको मर्मत संभार | उपभोक्ता समितिसँग छलफल |
| ३ | आयोजना सञ्चालनमा  निर्णय प्रकृया तथा पारदर्शिता | उपभोक्तासँग छलफल |
| ४ | आयोजनाको दीगोपना | उपभोक्तासँग लफल, अवलोकन |
| घ | आयोजनाको उपादेयता | |
| १ | आयोजना प्राप्त भएको तरिका/प्रकिया | उपभोक्ता समितिसँग छलफल |
| २ | आयोजना जनचाहना बमोजिम हो वा होईन ? | उपभोक्ता समितिसँग छलफल |
| ३ | आयोजना स्थल निर्धारण प्रकिया र उपयुक्तता | उपभोक्ता समितिसँग छलफल |
| ४ | आयोजनाका उपलब्धीहरु | उपभोक्ता समितिसँग छलफल |
| ५ | आयोजनाले आशा गरे अनुसारको लाभ पु-याए नपु-याएको ? | उपभोक्ता समिति संग छलफल |

## ग) क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सन्चालन

१) सिएसओले नागरिकहरुलाई अधिकारयुक्त सार्वजनिक सेवा सम्बन्धी सचेतना बृद्धि, नागरिक खबरदारी, अनुगमन, सुपरिवेक्षण अभिबृद्धि गर्ने क्रियाकलापहरु स्थानीय सेवा प्रदायकसंग समन्वयगरी वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्रहरुको क्षमता अभिबृद्धिका कार्यहरु गर्नुपर्दछ । यसका लागि उनीहरुले वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरु (वनामबाट १ महिला सहित २ जना प्रति वनामका दरले १८ जना, नासकेबाट ५ जना र सामाजिक परिचालक र गाविसका कर्मचारी १ जना समेतगरी २५ जनाका लागि १ दिनको अनुशिक्षण कार्यक्रम गर्नुपर्दछ । विषयवस्तुहरुमा नेपाल सरकार, स्थानीय निकायहरु, गैर सरकारी संस्थाहरु, निजीक्षेत्रबाट समुदायमा उपलब्ध हुने गरेका सेवाहरुबारे सहभागीहरु बीच समुह बाँडफाँड गरी लेखाजोखा गराउनु पर्दछ र प्रस्तुति र छलफल गराउँदै छुटेका कुराहरु भए थपगरी दिनु पर्दछ । त्यसपछि उनीहरुले त्यस्ता प्रकारको सेवा लिने गरेका छन वा छैनन्? किन सबैले त्यस्तो सेवा लिन नगएका होलान ? चित्त बुझ्दोगरी सेवा लिएकाहरु कति रहेछन् ? सेवा दिनेको कस्ता व्यवहार मनपर्दो वा मन नपर्दो लाग्यो ? किन सबैले उक्त सेवा नपाएका वा पाउनुपर्ने जस्तो रुपमा नपाएका होलान ? छलफल गराउँदै सार्वजनिक सेवाहरु समुदायमा कसरी उपलब्ध हुन्छन ? उपलब्ध भएन भने नागरिक खबरदारी कसरी गर्ने भन्नेबारे बताइदिने व्यवस्था गर्नुपर्दछ । उपस्थित सहभागीहरुको सहभागीता समावेशी र अर्थपूर्ण हुनुपर्ने तर्फ सचेत रहनु पर्दछ । नगरपालिकाहरुमा धेरै वडा हुने भएको हुनाले यस्तो कार्यक्रम २ वटा समूह बनाइ फरक फरक दिनमा गर्नुपर्दछ ।

२. स्थानीय निकायको समन्वयमा सिएसओले सामाजिक परिचालक सहित वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, अनुगमन तथा सहजीकरण समितिका सदस्यहरुलाई आयोजनाहरुको अनुगमन तथा सुपरिवेक्षण र सार्वजनिक परीक्षण कसरी गर्ने ? सम्बन्धी १ दिने अनुशिक्षणको गाविस/नगरपालिका स्तरमा आयोजना गरिनु पर्दछ ।

३. सिएसओले स्थानीय निकायहरुद्धारा आयोजित सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणमा व्यक्त गरिएका प्रतिवद्धताहरु पालना भए नभएको बारेमा सम्बन्धित स्थानीय निकायसंग समीक्षा गर्ने तथा यस सम्बन्धी अभिलेख राख्नु पर्दछ । साथै स्थानीय निकायहरुले सम्पन्न गरेका परियोजना र कार्यक्रमहरुको भौतिक तथा वित्तीय समीक्षा गर्ने व्यवस्थाका लागि अनुरोध र सहयोग गर्नुपर्दछ ।

४. स्थानीय निकायका सम्वन्धित सुपरीवेक्षण तथा अनुगमन समितिका छानिएका सदस्यहरुलाई अनुगमनका सूचक बनाई कम्तिमा २ वटा मुख्य भौतिक पूर्वाधार निर्माण क्षेत्रमा लगी कम्तीमा २ पल्ट अनुगमन गर्न सहजीकरण गर्ने, प्रतिवेदन दिन लगाउने, त्यसको अभिलेख राख्न स्थानीय निकायलाई सहयोग गर्ने ।

५. सिएसओले मुख्य घट्नाहरु जस्तै स्थानीय निकायहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षणको श्रव्य, दृष्य, डकुमेन्ट्री तयार गरी प्रतिवेदन सहित बुझाउनु पर्नेछ ।सम्बन्धित स्थानीय निकायको आयोजनामा गरिने यस्ता कार्यक्रमहरुको सिएसओले सहजीकरण गर्नुपर्दछ ।

६. स्थानीय निकायहरुले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पेशगर्ने अनलाइन प्रतिवेदनमा जिल्लाभरीका उत्तरदायित्व अनुगमन, प्रवर्द्धनका क्षेत्रमा भएका कार्यहरुको एकीकृत अवस्था झल्कने सूचनाहरु समावेश गर्न सम्बन्धित स्थानीय निकायहरुलाई सूचना उपलब्ध गराइ सहयोग गर्ने । तत्सम्बन्धी सूचनाहरु स्थानीय निकायहरुको आवधिक प्रतिवेदनमा समेटिएको हुनुपर्ने ।

७. सिएसओले हरेक स्थानीय निकायहरुमा चौमासिक समीक्षा आयोजना गर्न अनुरोध गर्ने र उक्त कार्यक्रममा परिपालना अनुगमनको अवस्था, नागरिक गुनासा सुनुवाईको अवस्था, क्षमता विकास तथा समुदायमा भएका कार्यहरुबारे जानकारी गराउने र सो विवरण स्थानीय निकायको माईन्यूटमा अभिलेखित गर्ने । यो काम कार्यसम्पादन अवधिभरमा ३ पटक हुनुपर्दछ । गाविस, नगरपालिकाहरुमा यस्ता समीक्षा कार्यमा वडा नागरिक

मन्च, सामाजिक परिचालक, अनुगमन तथा सुपरिवेक्षण समिति, राजनैतिक दलको संलग्नता हुनु पर्दछ ।

८. सिएसओले आर्थिक वर्षको अन्त्यमा हरेक वर्ष जिल्ला सदरमुकामहरुमा जवाफदेहिताको अवस्थाको बारेमा छलफल गर्ने र गाउँ विकास समिति तथा नगरपालिकाका समीक्षा वैठकहरुमा गत महिना सम्पन्न भएका प्रतिवद्धता पालना अनुगमनमा पाइएका जवाफदेहिताको अवस्था प्रस्तुत गर्नुपर्नेछ ।

९. सिएसओले अनिवार्यरुपमा सार्वजनिक सुनुवाइगरी आफ्नो आम्दानी खर्चको सार्वजनिक परीक्षण गरेको प्रतिवेदन समेत पेश गर्नुपर्दछ । यस्तो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, राजनीतिकदल, जिविस, नपा प्रमुख, गाविस सचिवहरु, जिल्ला स्तरीय सहयात्री, नागरिक समाजको उपस्थिति रहनु पर्दछ । एलजिएएफ सचिवालय तथा क्षेत्रीय समन्वय इकाईलाई समेत यसबारे जानकारी/आमन्त्रण गर्न सकिनेछ ।

१०. अध्ययन तथा प्रक्रियागत अनुगमनबाट पत्ता लागेका विषयवस्तुमा जानकारी दिने उद्देश्यले वडा नागरिक मन्चको प्रतिनिधि, नागरिक सचेतना केन्द्र प्रतिनिधि, गाऊँ विकास समिति अनुगमन तथा सुपरिवेक्षण समिति, नगरपालिका अनुगमन तथा सुपरिवेक्षण समिति, राजनीतिकदल तथा स्थानीय निकायका कर्मचारीहरुको सहभागीतामा जिल्लाको समग्र सुशासनको अवस्था र सिएसओले सम्पादन गरेका कार्यहरु प्रसार गराउने उद्देश्यले जिविसका प्रमुखको संयोजकत्वमा १ दिने जिल्ला स्तरीय प्रगति प्रदर्शनी आयोजना गर्ने । यसकार्यक्रममा स्थानीय निकायमा सुशासनको अवस्था सुधारमा सिएसओले गरेका कार्यहरुको प्रतिवेदन, भिडियो क्लिप, फोटो, फ्लेक्स, आदि प्रस्तुत गर्ने र ग्यालरी वाक गराउंदै व्याख्या विश्लेषण सहित समापन गर्ने ।

११. अन्तमा एलजिएएफ सचिवालयमा परिपालना अनुगमन एवं नागरिक निगरानी सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी वुझाउने । प्रतिवेदनमा स्थानीय निकायहरुमा सुशासनका सूचकहरुमा आएको फरकको (सुधार) अवस्था, कानूनी तथा नीतिगत व्यवस्था पालन गर्ने क्षेत्रमा रहेका सवल पक्ष, कमजोरी, र सुधार हुनुपर्ने कुराहरु, चुनौतीहरु, मननयोग्य सुझावहरु, उल्लेखनीय घटनाविवरणहरु (case studies) उल्लेख गर्ने । साथै योजना तर्जुमा र कार्यान्वयनमा आएको फरक, व्यवस्थापन, सुपरिवेक्षण तथा अनुगमन एवं रिपोर्टिङ्ग, आदि प्रतिवेदनमा समावेश भएको हुनुपर्ने ।

(विस्तृत कार्यविवरण तथा सूचकहरु समेत संस्थाको सम्झौतामा उल्लेख भएकाले त्यसै अनुरुपका सूचकहरु प्रयोग गरी क्रियाकलापहरु संचालन गर्ने)

## समग्रमा नागरिक समाजका संस्थाहरुको कार्यक्षेत्रहरु

- स्थानीय निकाय, जिल्ला शासन विज्ञ, शहरी विज्ञ, क्षेत्रीय अनुगमन प्रतिवेदन तथा जवाफदेहिता विज्ञ र स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालाय संग निकटतम समन्वय र सम्पर्क
- स्थानीय निकायमा उत्तरदायित्व अभिबृद्धि गर्न प्रयोग गरिने तौर तरिकाहरु (विशेष गरी ९ वटा औजारहरु) मा स्थानीय निकायलाई सहयोग र सहजीकरण ।
- वडा नगरिक मन्च, नागरिक सचेतना केन्द्र, गाऊँ, नगर, जिल्ला अनुगमन तथा सुपरिवेक्षण समितिमा अनुगमन क्षमता अभिबृद्धि गर्ने ।
- सामाजिक उत्तरदायित्व प्रवर्द्धनका लागि स्थानीय सेवा प्रदायकको क्षमता अभिबृद्धि गर्ने ।
- नागरिक निगरानीका लागि नागरिक शिक्षा, रेडियो कार्यक्रम, क्षमता विकासका कार्यहरु सन्चालन गर्ने ।

- स्थानीय निकायहरुले गर्नुपर्ने कार्यहरु सम्बन्धमा कानूनी र नीतिगत व्यवस्थाको परिपालनाको अवस्था के कस्तो छ ? अनुगमन गरी प्रतिवेदन पेश गर्ने । सुधारका लागि स्थानीय निकायलाई कार्ययोजना निर्माणसहित कार्यान्वयनमा सहयोग पु-याउने ।
- तोकिए अनुसारको ढाँचा तथा समयावधिमा प्रतिवेदन जिल्ला विकास समिति, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम क्षेत्रीय समन्वय ईकाँई (LGCDP Regional Coordination Unit) मार्फत स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालयमा पठाउने ।

## घ) प्रतिवेदन

नागरिक समाजका संस्थाहरुले स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालयसंग गरिएको संझौता अनुसार देहायअनुसार प्रतिवेदन बुझाउनु पर्नेछ ।

१) प्रारम्भिक प्रतिवेदन (Inception Report) : सम्झौता भएको १५ दिनभित्र

२) पहिलो कार्यप्रगति प्रतिवेदन : कार्य शुरु भएको दोस्रो महिना पछि

३) दोस्रो कार्यप्रगति प्रतिवेदन : कार्य शुरुगरिएको चौथो महिना पछि

४) अन्तिम कार्यसम्पादन प्रतिवेदन : ०७२ असार मसान्तभित्र

## ङ) रकम भुक्तानी

सम्झौतामा उल्लेख गरिएअनुसार रकम भुक्तानी यसप्रकार हुनेछ ।

क) पहिलोकिस्ता : संझौता भएको १५ दिनपछि प्रारंभिक प्रतिवेदन र प्रथम किस्ताको रकम भुक्तानी माग गरिएपछि २० प्रतिशत ।

ख) दोस्रोकिस्ता : २०७२ वैशाखमा, दोस्रोप्रगति विवरण प्राप्त भएको र दोस्रो किस्ता रकम भुक्तानी माग गरिएपछि ४० प्रतिशत ।

ग) अन्तिम किस्ता : २०७२ असार मसान्तमा, अन्तिम प्रतिवेदन सहित अन्तिम किस्ता रकम भुक्तानी मागगरिएपछि ४० प्रतिशत ।

हरेक किस्तामा ५प्रतिशत रिटेन्सन वापत कटाइने छ र अन्तिम लेखापरीक्षण प्रतिवेदन पेशगरेपछि उक्त रकम भुक्तानी गरिनेछ । (VAT बाहेकको किस्ता रकममा)

**पुनश्चः** प्रतिवेदन र रकम भुक्तानी सम्बन्धमा पहिलो सम्झौतामा उल्लेख गरिए अनुसार हुनेछ ।

# रेडियो कार्यक्रम सन्चालन सम्बन्धी व्यवस्था

## १. भुमिका :

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत स्थानीय शासन उत्तरदायि संयन्त्रले स्थानयि निकायको कानूनी र नीतिगत व्यवस्था पालना अनुगमनका लागि नेपालका ६६ जिल्लामा नागरिक समाजका संस्थाहरुको छनोट गरेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्तालयले स्थानीय निकायलाई जनताप्रति उत्तरदायी , जवाफदेही र पारदर्शी रुपमा सेवा प्रवाहद्धारा सवै बर्ग क्षेत्र लिङ्ग र खासगरी सरकारी सेवा, सुविधाबाट बञ्चित भएका सीमान्तीकृत वर्गले समेत महशुश गर्नेगरी सेवा प्रदान गर्न विभिन्न समयमा अत्यावश्यक ऐन, नियम तथा कार्यविधीहरुको प्रकाशन गरी लागु गर्न निर्देशन गरेको छ । ती ऐन नियम तथा कार्यविधिहरुको सम्पूर्णतः पालना हुने हो भने सरकारले लिएको लक्ष तथा उद्देश्य हासिल गर्न सकिने कुरामा विश्वस्त हुन सकिन्छ । तर अहिलेको अवस्थामा ती ऐन, नियम, कार्यविधीहरुको पूर्णतः पालना भएका अवस्था छैन । जसले गर्दा स्थानीय निकाय र नागरिक तथा (सेवा प्रदायक निकाय) बीचमा अविश्वासको वातावरण सिर्जना हुनगई यी दुई बीचमा ठूलो खाडल देखापरेको छ ।

यस अवस्थामा सेवा प्रदायक र सेवाग्राही एउटै थलोमा आई एकअर्का वीच विश्वासको वातावरण सिर्जना हुन सकेमा मात्र नागरिकहरुले पाउनु पर्ने वस्तु, सेवा तथा सुविधाहरुको गुणस्तरमा बृद्धि हुन्छभने सेवाप्रदायक निकायले सम्पूर्ण नागरिक तथा समुदायको हितमा क्रियाकलापहरु संचालन गर्ने वातावरणको विकास हुन पुग्दछ । अहिलेको अवस्थामा स्थानीय निकायमा जनप्रतिनिधि विहीन रहेको र कार्यकारी प्रमुखले नै राजनितिक र प्रशासनिक दुबै भूमिका निर्वाह गर्दै स्थानीय स्तरमा विकास निर्माणका क्रियाकलापहरु देखि प्रत्यक्ष नागरिक समुदायका सरोकारका विषयमा सेवा प्रदान गर्दै आएका छन् । यसकिसिमको अत्यधिक जिम्मेवारी वहन गरेको स्थानीय निकायलाई जनताको नजिकको सरकारको सरकारको रुपमा स्थापित गरी सीमित रुपमा रहेको आर्थिक स्रोतबाट अध्यधिक फाइदा का क्रियाकलापहरु संचालन गर्नु अहिलेको आवश्यकता हो । यसका लागि जवसम्म नागरिक तथा समुदायमा रहेका सम्पूर्ण वर्ग, क्षेत्र, लिङ्ग तथा खासगरी सीमान्तीकृत बर्गको ष्मतामा बृद्धिगरी उनीहरुलाई आफ्नो अधिकार के हो ? र त्यो प्राप्त गर्नका लागि नागरिकको कस्तो भूमिका हुनु पर्दछ ? भन्ने कुरामा उनीहरुलाई सचेत नगराइ नागरिक क्षमतामा बृद्धि गर्न सकिदैन । सेवा प्रदायक निकायको एक्लो प्रयास निर्रथक हुन जान्छ । तसर्थ स्थानीय निकायले संचालन गर्ने क्रियाकलाप, नागरिकले पाउने सेवा सुविधा र त्यसमा नागरिक तथा समुदायको भूमिकाका विषयमा उनीहरुको क्षमता अभिबृद्धिका लागि जिल्ला स्थित सञ्चार माध्यमहरुबाट नागरिकको पहुँच र अनुकूल हुनेगरी उनीहरुलाई सुसुचित गर्नु आजको प्रमुख आवश्यकता रहेको छ ।

## २. उद्देश्य :-

स्थानीय स्तरमा नागरिक तथा समुदायलाई स्थानीय सञ्चार माध्यमबाट नागरिक क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका चेतना एवं जानकारी मूलक विषयवस्तुहरुको प्रसारण गरी स्थानीय निकाय र नागरिक समुदायहरु बीचमा रहेको खाडललाई कम गर्नु नै यसको प्रमुख उद्देश्य हो । साथै यसका अन्य उद्देश्यहरु निम्नानुसार छन् :-

१. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेका कानूनी तथा नीतिगत व्यवस्थाहरुको बारेमा नागरिकहरुलाई जानकारी गराउनु ।

२. सिमान्तीकृत तथा पछाडि परेका बर्गले पाउने सेवा सुविधाका बारेमा जानकारी गराई उनीहरुलाई आफ्नो हक अधिकार प्राप्तीका लागि सक्षम बनाउने ।

३. स्थानीय निकायले सञ्चालन गर्ने विकास निर्माणका क्रियाकलापमा बढी भन्दा बढी समुदायको सहभागिता गराई विकास निर्माण प्रक्रियालाई गुणस्तरीय र नागरिकमुखी बनाउने ।

४. नागरिक एवं समुदायलाई स्थानीय निकायले प्रदान गर्ने वस्तु, सेवा, सुविधामा नागरिक एवं समुदायको भूमिका एवं त्यसमा पुरागर्नुपर्ने प्रक्रियाका बारेमा सुसुचित गरी स्थानीय सेवा सुविधा छिटो, छरितो र सरल माध्यमबाट प्रदान गर्न सहयोग पु-याउने ।

## ३. क्रियाकलापहरु :–

रेडियो कार्यक्रम अन्तर्गत जिल्ला स्थित नागरिक समाजका संस्थाहरुले उपरोक्त उद्देश्यहरु परिपूर्ति गर्न निम्नानुसारका क्रियाकलापहरु संचालन गर्नुपर्नेछ :

### क. विषयवस्तु छनोट र तयारी

सञ्चारमाध्यम नागरिकहरुलाई सचेत गर्ने एक सजिलो तथा उपयुक्त माध्यम हो । तथापि प्रशारण गरिने विषयवस्तु नागरिकलाई आवश्यक भएको र रोचक किसिमको भएमा मात्र त्यसको उपयोगिता रहन्छ । तसर्थ, नागरिक समाजका संस्थाहरुले रेडियो कार्यक्रमका लागि विषयवस्तुको छनोट गर्दा कार्यक्रम संचालन एवं प्रशारण गर्न लागिएको क्षेत्रको वस्तुस्थितिको विश्लेषण गरी त्यहाँ बसोवास गर्ने नागरिकहरु कुन स्तर र क्षमताका छन् ? उनीहरुलाई कुन विषयको ज्ञानको बढी आवश्यकता छ ? जसले गर्दा उद्देश्य पुरा गर्न मद्दत पुग्द भन्ने कुराको विश्लेषण गरी त्यसैकिसिमले त्यही विषयवस्तुलाई सरल, उपयुक्त भाषामा प्रशारण गर्नु पर्दछ । सूचना प्रदान गर्ने तथा क्षमता अभिबृद्धिका लागि प्रशारण गरिने विषयवस्तु पूर्णरुपमा सकारात्मक हुनु जरुरी छ । उही विषयवस्तु पनि सकारात्मक तरिकाले प्रस्तुत गरेमा त्यसको नतिजा सही र उपयुक्त आउँदछ भने नकारात्मक विषयवस्तुमा शुरुवात गरेमा त्यसले अविश्वास पैदा गर्ने गर्दछ । त्यहाँको भाषिक जनसंख्याको आधारमा विषयवस्तुलाई स्थानीय भाषामा दोहोरो अर्थ नलाग्नेगरी तयार गर्नुपर्दछ । समुदायका मानिसहरु माझ आपसी सद्भाव नविग्रनेगरी कार्यक्रम निर्माण हुनुपर्दछ । खासगरी यस कार्यक्रम अन्तर्गत निम्नानुसारका क्षेत्रबाट विषयवस्तुको चयन तथा छनोट गर्नुपर्दछ ।

- प्रशारण गर्ने क्रियाकलापहरु स्थानीय निकाय खासगरी जिविस, नगरपालिकासंग समन्वयगरी स्थानीय निकायहरुमा पारदर्शिता, जवाफदेहिता, नागरिक सेवा प्रवाह बृद्धिगर्ने सूचनामूलक विषयवस्तुहरु
- नागरिक सहभागिता सम्बन्धमा प्रत्यक्ष सम्बन्धित विषयवस्तुहरु जस्तै : सामाजिक सुरक्षा भत्ताका लागि परिचय पत्र बनाउने समय, भत्ता वितरण गर्ने प्रक्रिया, गते, समय र स्थान, योजना छनोट र प्राथमिकीकरणको समय, सार्वजनिक सुनुवाईको आयोजना गर्ने समय, सार्वजनिक परीक्षणको आयोजना गर्ने समय आदि ।
- स्थानीय निकायले नागरिक तथा समुदायलाई प्रदान गर्ने सेवा तथा सुविधा एवं त्यसको प्रक्रियासंग सम्बन्धित विषयवस्तुहरु अनुसार आवश्यकता अनुसारका कागजपत्रहरु (नागरिक वडापत्रमा भएको व्यवस्थाअनुसार), नागरिकहरुले पुरा गर्नुपर्ने प्रकृया, लाग्ने खर्च, लाग्ने समय, आदि बारे जानकारी । जस्तै : नागरिकता बनाउन के के कागजपत्र आवश्यक पर्दछ ? कुन कुन कागजपत्र कुन कुन कार्यालयमा उपलब्ध हुन्छन ? कति समय र खर्च लाग्दछ ? भनिए अनुसार सेवा नपाए के गर्ने ? दलालबाट काम गराउँदाका बेफाइदा, बैदेशिक रोजगारीमा सुरक्षित हुन अपनाउनु पर्ने सुरक्षा जानकारी आदि ।
- संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेका ऐन, नियम तथा कार्यविधिमा भएको व्यवस्था अनुसारका प्रावधानहरुमा जानकारीमूलक विषयवस्तुहरु जस्तै स्थानीय निकाय स्रोत परिचालन

तथा व्यवस्थापन कार्यविधि २०६९, स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि २०६७, स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७, स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७, लैंगिक उत्तरदायी बजेट, बालमैत्री सुशासन, जेष्ठ नागरिक, अपांगमैत्री व्यवस्था र नागरिकको भूमिका आदि ।

- स्थानीय निकायमा जारी गरिएको नागरिक वडापत्रमा उल्लेख गरिने विषयवस्तु र त्यसको नागरिक सरोकारसंग सम्बन्धित विषयवस्तुहरु ।
- स्थानीय निकायमा सूचना पाटीको व्यवस्था, नागरिक तथा समुदायले निर्वाह गर्नुपर्ने भूमिका तथा आएका सूचना एवं सुझावहरुको स्थानीय निकायले कार्यान्वयन गर्ने प्रक्रियाका विषयमा जानकारीमूलक विषयवस्तुहरु ।
- स्थानीय निकायमा गुनासो सुन्ने अधिकारीको व्यवस्था, त्यसमा नागरिकको भूमिका तथा आएका गुनासा समाधान र कार्यान्वयन गर्ने प्रक्रियासंग सम्बन्धित विषयवस्तुहरु ।
- स्थानीय स्तरमा संचालन हुने विकास निर्माणमा नागरिक अनुगमनको भूमिका, आयोजना कार्यान्वयन र सन्चालन गर्ने निकायले कार्यान्वयन गर्नुपर्ने क्रियाकलापहरु र यससँग सम्बन्धित विषयहरु ।
- वडा नागरिक मञ्चको काम, कर्तव्यसंग सम्बन्धित वडा नागरिक मञ्चका सदस्यहरुलाई जानकारी, क्षमता अभिबृद्धि तथा सक्रियता गराउने विषयवस्तुहरु ।
- नागरिक सचेतना केन्द्रलाई आर्थिक रुपमा सबल तथा सक्षम बनाउनका लागि आवश्यक सूचनामूलक विषयवस्तुहरु ।
- सामाजिक सुरक्षा भत्ता अन्तर्गत सङ्घीय मामिला तथा स्थानयि विकास मन्त्रालयले प्रदान गरेको सुविधा तथा सामाजिक सुरक्षा भत्ता पाउन नागरिकले पुरा गर्नुपर्ने कागजात र भूमिका एवं अपनाउन पर्ने प्रक्रियासंग सम्बन्धित विषयवस्तुहरु ।
- लक्षित वर्गको बजेट अन्तर्गत स्थानीय निकायले उनीहरुलाई छुट्टयाएको बजेट, त्यसको निकाशा एवं कार्यान्वयनमा सम्बन्धित वर्गको भूमिका तथा स्थानीय निकाय स्रोत परिचालन व्यवस्थापन कार्यविधि २०६९ अनुसार उक्त बजेटबाट संचालन गर्न सकिने क्रियाकलापहरु ।

**ख. सम्बन्धित स्थानीय निकायसंग समन्वय तथा छलफल :**

माथि उल्लेखित विषयहरुसंग सम्बन्धित भएर आफूले प्रसारण गर्न खोजिएको विषयवस्तुमा स्थानीय निकायसंग छलफल , समन्वय गरी मात्र सामगी तयारी र प्रशारण गर्नुपर्दछ । स्थानीय निकायसंग छलफलका क्रममा आफूले चयन गरेका विषयवस्तुमा स्पष्टता र बैधताका लागि उक्त विषयहरु सम्बन्धी कुन ऐन तथा कार्यविधिमा व्यवस्था गरिएको छ सो बारेमा समेत स्पष्ट पारिनु पर्दछ । सम्बन्धित स्थानीय निकायसंग छलफल पश्चात प्रसारणको लागि अन्तिम विषयवस्तु तथा त्यो कुन माध्यमबाट र कस्तो तरिकाले प्रसारण हुँदैछ कार्यक्रम प्रसारण तालिका सहित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम क्षेत्रीय समन्वय इकाइलाई र LGAF लाई समेत पठाउनु पर्नेछ ।

**ग. कार्यक्रम संचालन तथा प्रसारण :**

तयार गरी छलफल गरिएको विषयवस्तुलाई सान्दर्भिक भाषमा संक्षिप्त र सरल रुपमा तयार गरी प्रसारण गर्नुपर्नेछ । प्रसारणमा अपनाउन सकिने विधि तथा तरिकाहरु निम्नानुसार अपनाउन सकिन्छ ।

- धारावाहिक नाटकको माध्यमबाट

- समय सान्दर्भिक गीत, गजल एवं कविताबाट
- छोटो जानकारीमुलक जिंगलबाट
- सम्बन्धित व्यक्तिको अन्तर्वार्ता, विचार विश्लेषणबाट
- सकारात्मक अवस्था अध्ययन तथा सफलताका कथाहरु प्रसारणबाट

**घ. श्रव्य सामग्री पेश गर्नुपर्ने**

प्रसारित विषयवस्तुहरुको संकलित सिडि तयार गरी प्रतिवेदनको समयमा उक्त सिडि समेत पेश गर्नुपर्नेछ ।

## ४. रेडियो कार्यक्रम संचालन एवं प्रसारणका आचारसंहिताहरु

स्थानीय स्तरमा नागरिक समाजका संस्थाहरुले रेडियो कार्यक्रम संचालन गर्दा पालना गर्नुपर्ने आचारसंहिताहरु

क) पुष्ट्याइ नभएका विषयवस्तुहरुको प्रसारण गराउन हुँदैन ।

ख) नेपाल सरकारका विभिन्न निकाय, स्थानीय निकायहरु प्रति वितृष्णा फैलाउने वा कार्यमा बाधा पुऱ्याउने कुनै राजनैतिक विचारको वा दल विशेषको वा जाति, वर्ग वा भाषा, क्षेत्र विशेषको समर्थन वा विरोधमा वा सामाजिक सद्भाव विग्रने तथा समुदायका नागरिकहरु बीच नकारात्मक असर पर्ने विषयवस्तुहरुको प्रसारण गर्न पाइने छैन ।

ग) सम्बन्धित स्थानीय निकाय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम क्षेत्रीय समन्वय एकाइ र स्थानीय शासन उत्तरदायी संयन्त्रबाट थप निर्देशन आएमा सोहीअनुसार कार्यक्रम निर्माण एवं प्रसारण गर्नुपर्नेछ ।

घ) समाज तथा समुदायलाई उत्तेजित पार्ने तथा रीस, इबी वा वद्नियत राखी सूचना, जानकारी प्रसारण गर्न पाइने छैन ।

ङ) स्थानीय निकाय र समुदाय बीचको सम्बन्ध सुमधुर बनाउन मद्दत पुग्नेगरी नागरिक शिक्षा प्रदान गर्ने विषयहरु, नागरिक अधिकारयुक्त सेवा, उत्तरदायित्व प्रवर्द्धनका लागि सचेतना बृद्धिगर्ने सामग्रीहरु, बालवालिका, महिलाहरु, दलित तथा सिमान्तीकृत वर्गको आर्थिक समृद्धि, सामाजिक अवस्थामा सुधार, वातावरण संरक्षणमा जोड, स्थानीय स्रोतको संरक्षण र उपयोग, सामुदायिक विकास जस्ता विषयहरुमा नागरिक अग्रसरता र महत्वको बारेमा प्रसारणमा जोड दिन सकिनेछ ।

च) सञ्चार माध्यमको प्रयोग गर्दा जिल्ला भित्रका लक्षित वर्गको अधिकतम हित हुनेगरी कार्यक्रम निर्माण र सकेसम्म जिल्लाभर सुनिनसक्ने क्षमता भएका एफएम रेडियो संग सम्झौता गरी प्रसारण गर्नु उपयुक्त हुन्छ ।

**पुनश्चः** रेडियो सञ्चालन तथा प्रसारणको समग्र तालिका च्क्ष्ग, म्म्क्ष् र सचिवालयमा अनिवार्य पेश गर्नु पर्नेछ ।

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

स्थानीय शासन उत्तरदायी संयन्त्र

# आधारभूत सर्वेक्षण फाराम

(क) नागरिक समाज संस्थाको नाम:...............................................................................

(ख) जिल्ला:...............................................................................

(ग) सर्वेक्षण गरिएको स्थानीय निकायको नाम:...............................................................................

(घ) आ.व. ०७०/७१ मा सम्पन्न आयोजना संख्या:...............................................................................

(ङ) सुशासनको जिल्लागत अवस्था :

| सि. न. | विवरण | नियमित तथा प्रक्रियागत रुपमा गर्ने स्थानीय निकाय संख्या | आशिक रुपमा गर्ने स्थानीय निकाय संख्या | नगर्ने स्थानीय निकाय संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | सार्वजनिक सुनुवाईको आयोजना | | | | आंशिक रुपमा संचालन गर्ने को हकमा कस्तो प्रकारको हो कैफियतमा खुलाउनु पर्ने छ । |
| २. | वहिर्गमन अभिमत पत्र (Exit Poll) संकलन | | | | |
| ३. | नागरिक पत्र (Citizen Report Card) संकलन | | | | |
| ४. | सार्वजनिक परिक्षणको आयो जना पछि मात्र अन्तिम किस्ता निकासा | | | | |
| ५. | सामाजिक परिक्षणको नियमितआयोजना | | | | |

(च) नागरिक वडापत्रको व्यवस्था तथा कार्यान्वयन भएको (छ) (छैन)

(छ) गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको (छ) (छैन)

(ज) आ.व. ०७०/७१ मा आएका गुनासा संख्या..................समाधान गरिएका गुनासा संख्या..................

माथिल्लो निकायमा पठाएका गुनासा संख्या..................

(झ) सुझाव पेटिकाको व्यवस्था तथा कार्यान्वयन गरिएको (प्रत्येक तीन दिनमा खोल्ने गरिएको)

(छ) (छैन)

(ञ) आ.व. ०७०/७१ मा नागरिकबाट आएका सुझाव तथा गुनासोको संख्या.....समाधान भएको संख्या...............

(ट) नागरिक गुनासो तथा सुझावहरूको अभिलेख राख्ने गरेका (छ) (छैन)

(ठ) स्थानीय निकायमा गुनासो सुन्ने संयन्त्रको निर्माण भएको (छ) (छैन)

(ड) सूचना अधिकारीको व्यवस्था गरिएको (छ) (छैन)

(ढ) वडा नागरिक मन्चका सदस्यहरूले नागरिक अनुगमन सम्वन्धी तालिम लिएका व्यक्ति संख्या:-

महिला( ) पुरूष ( ) जम्मा ( )

(ण) जिल्ला स्थित जवाफदेहिता प्रबर्द्धन सम्वन्धी कार्य गरेका गैर सरकारी संस्थाहरूको संख्या, क्षेत्र तथा उनीहरूले प्रयोग गरेका साधनहरू

(त) वडा नागरिक मन्च र नागरिक सचेतना केन्द्र सम्मिलित नागरिक अनुगमन समितिको गठन भएको्

(छ) (छैन)

नागरिक अनुगमन समिति गठन भएका वडा संख्या :

(थ) स्थानीय निकाय स्तरको अनुगमन तथा मुल्याङ्कन समितिले प्रतिवेदन बुझाउने गरेको

(छ) (छैन)

१. अनुगमन मूल्यांकन समितिले अनुगमन गरेका योजनाको प्रतिशत :

२. अनुगमन गरेका योजनाहरू मध्ये प्रतिवेदन बुझाएका योजनाको प्रतिशत :

घ. अनुगमन समितिले दिएका सुझावहरूको कार्यान्वयन गरिएको प्रतिशत :

(द) वडा नागरिक मन्चले संचालन भएका आयोजनाहरूको कार्यान्वयनमा सहजीकरण गर्ने गरेका

(छन्) (छैनन्)

(ध) वडा नागरिक मन्चले संचालित आयोजनाहरूको अनुगमन गर्ने गरेका (छन्) (छैनन्)

(न) वडा नागरिक मन्चले कार्यान्वयन सम्पन्न भएका आयोजनाको सार्वजनिक परिक्षणमा सहजीकरण गर्ने गरेका (छन्) (छैनन्)

(प) उत्तरदायित्व सम्बन्धी जिल्लागत अवस्था (सारांश) :

| सि. न. | विवरण | भएको स्थानीय निकाय संख्या | नभएको स्थानीय निकाय संख्या |
|---|---|---|---|
| १. | नागरिक वडापत्रको व्यवस्था तथा कार्यान्वयन | | |
| २. | गुनासो सुन्ने अधिकारीको व्यवस्था | | |
| ४. | सुझाव पेटिकाको व्यवस्था तथा कार्यान्वयन गरिएका | | |
| ५. | नागरिक गुनासो तथा सुझावहरुको अभिलेख राख्ने गरेका | | |
| ६. | स्थानीय निकायमा गुनासो सुन्ने संयन्त्रको निर्माण | | |

| | | | |
|---|---|---|---|
| ७. | सूचना अधिकारीको व्यवस्था | | |
| ८. | वडा नागरिक मन्च र नागरिक सचेतना केन्द्र सम्मिलित नागरिक अनुगमन समितिको गठन गरी कार्यान्वयन | | |
| ९. | स्थानीय निकाय स्तरको अनुगमन तथा मुल्याङ्कन समितिले अनुगमन मुल्याङ्कन प्रतिवेदन पेश सम्वन्धी व्यवस्था | | |
| १०. | वडा नागरिक मन्चले संचालन भएका आयोजनाहरुको कार्यान्वयनमा सहजीकरण गर्ने व्यवस्था | | |
| ११. | वडा नागरिक मन्चले संचालित आयोजनाहरुको अनुगमन गर्ने व्यवस्था | | |
| १२. | वडा नागरिक मन्चले आयोजनाको सार्वजनिक परिक्षणमा सहजीकरण गर्ने व्यवस्था | | |

## च) नागरिक सहभागिता :

| सि. न. | विवरण | (संख्या) | उपस्थिति संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | दलित | जनजाती | मुस्लीम | अन्य |
| १. | सार्वजनिक सुनुवाईको आयोजना | आ.व. ०७०/७१ मा... | | | | | | |
| २. | वहिर्गमन अभिमत पत्र (Exit Poll) संख्या | आ.व. ०७०/७१ मा... | | | | | | |
| ३. | नागरिक पत्र (Citizen Report Card) भरेको संख्या | आ.व. ०७०/७१ मा.... | | | | | | |
| ४. | सार्वजनिक परिक्षणको आयोजना भई अन्तिम किस्ता निकासा भएको आयो जना संख्या | आ.व. ०७०/७१ मा.... | | | | | | |
| ५. | सामाजिक परिक्षणको आयोजना | आ.व. ०७०/७१ मा.... | | | | | | |

तयार गर्ने
नागरिक समाजका संस्थाका पदाधिकारी
(.............................)
संस्थाको छाप

प्रमाणित गर्ने
स्थानीय निकाय............ को प्रमुख वा कर्मचारी
(.......................)
कार्यालयको छाप
मिति : २०७१ साल महिना गते

# प्रतिवेदनको ढाँचा

**नेपाल सरकार**

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

## स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालय

**जावलाखेल, ललितपुर**

**नागरिक समाजका संस्थाहरु सिएसओ प्रतिवेदन ढाँचा**

**राष्ट्रिय सूचकहरु :**

| विवरण | लक्ष्य | उपलब्धीहरु |
|---|---|---|
| १) वनामहरुले सामुदायिक अनुगमनमा सामाजिक उत्तरदायित्वका औजारहरुको प्रयोगगरी शासनमा संलग्नहरुको उत्तरदायित्व बहन अनुगमन शुरु गर्नेछन् । | १०० प्रतिशत | |
| २) जिल्लास्तरमा उत्तरदायित्व अनुगमन सम्बन्धी नियमित एकीकृत वार्षिक प्रतिवेदन तयारी भएको हुनेछ । (सिएससो समेतको सहयोगमा जिविसले तयार गर्ने ) | एकीकृत वार्षिक प्रतिवेदन १ पटक | |
| ३) स्थानीय निकायहरुमा गुनासो सुनुवाई संयन्त्र सुचारु र व्यवस्थित हुनेछ । जिविसमा प्राप्त भएका गुनासाहरु संबोधन भएका हुनेछन् ।<br><br>जिविसमा अभिलेखित कूल गुनासो संख्या :<br>संबोधन भएका गुनासो संख्या : प्रतिशत | ८५ प्रतिशत संबोधन भएको | |
| ४) सामाजिक परिचालनमा संलग्नहरु (स्थानीय सेवा प्रदायकहरु, सामाजिक परिचालक) हरुले उत्तरदायित्व अनुगमनका औजारहरु (संयन्त्र) उपयोगमा ल्याउने छन् । | आयोजनाहरुको सार्वजनिक परीक्षण शतप्रतिशत<br>सार्वजनिक सुनुवाई वर्षमा कम्तिमा ३ पटक : शतप्रतिशत<br>जिविस, नपामा सामाजिक परीक्षण शतप्रतिशत | |

**खण्ड कः सामान्य विवरण**

| | | |
|---|---|---|
| | सिएसओको नाम : | |
| | ठेगाना : | |
| | ईमेल, | |
| | फोन नं. | |

| | | |
|---|---|---|
| | कार्यक्षेत्र :<br>गाविसः<br>१)<br>२)<br>३)<br>४)<br>५)<br>६)<br>७)<br>८)<br>९)<br>नगरपालिका<br>१)<br>२)<br>३) | |
| | प्रतिवेदनको अवधिः महिना | देखि सम्म |
| | प्रतिवेदनको मिति : | |

**खण्ड दुई : पृष्ठभूमि/परिचयः (संक्षिप्त)**

(यो खण्डमा सिएसओको प्रोफाइल, भौगोलिक कार्यक्षेत्र (लक्ष्यित स्थानीय निकायहरु (जिविस, नगरपालिका, गाविस र वडाहरु) उल्लेखित स्थानीय निकायहरु कार्यक्षेत्रका लागि छनौट गरिनुको औचित्य

**खण्ड तीन : उद्देश्यहरु**

एलजिएएफको समग्र उद्देश्यः

स्थानीय निकायहरुमा कानूनी र नीतिगत व्यवस्थाको पालना अनुगमनको उद्देश्य :

विशिष्टीकृत उद्देश्यहरु :

**खण्ड चार : प्रतिवेदन तयार गर्न अवलम्बन गरिएका प्रक्रिया र विधिहरु :**

**खण्ड पाँच : सूचकहरु (आधारभूत सर्भेक्षण र लक्ष्यित) गुणात्मक**

| सि. नं. | सूचकहरु | कार्य शुरुगर्दाको अवस्था | लक्ष्य (संस्थाले स्थानीय संग समेत समन्वयगरी तयगरेको) | उपलब्धी /प्राप्ती/ कार्यप्रगति |
|---|---|---|---|---|
| १. | स्थानीय निकायहरुको कार्यहरुबारे नागरिकहरुको जानकारीमा बृद्धि भएको | | | |
| २. | समावेशी र सहभागीतामूलक योजना तर्जुमा प्रकृया | | | |
| ३. | बनाम, नासके र स्थानीय निकायहरुको उत्तरदायित्व अभिबृद्धिका संयन्त्रहरु (सार्वजनिक परीक्षण, सुनुवाई, सामाजिक परीक्षण, नागरिक बडापत्र, सार्वजनिक सूचना पाटी, गुनासो सुनुवाई) को अभ्यास गर्ने गरेका | | | |
| ४. | स्थानीय निकायहरुमा कानूनी र नीतिगत व्यवस्था परिपालना अनुगमन पश्चात स्थानीय निकायहरुको सेवा प्रवाह र प्रदत्त सेवाको गुणस्तरमा सुधार आएको | | | |
| ५. | अरु स्थानीय निकायहरुमा समेत परिपालना अनुगमनबाट भएको सुधारको सकारात्मक प्रभाव विस्तार भएको | | | |

**खण्ड ७ : स्थानीय निकायहरुमा गुनासो सुनुवाई सम्बन्धी व्यवस्था**

| विषयवस्तु | ऐन, नियममा भएको प्रावधान | परिपालनाको अवस्था | फरक | पाइएका फरकहरु परि पूर्तिका लागि स्थानीय निकायको प्रतिवद्धता | प्रतिवद्धता कार्यान्वयनको उपलब्धी |
|---|---|---|---|---|---|
| गुनासो व्यवस्था बारे नागरिकलाई सूचना, प्रकृयाबारे सुसूचीत गरिएको | | | | | |
| गुनासो सुन्ने व्यवस्था शुरु गरिएको | | | | | |
| उजुरी पेटीका राखिएको | | | | | |
| स्थानीय निकायमा हेल्प डेस्कको व्यवस्था | | | | | |
| गुनासो सुन्ने अधिकारीको व्यवस्था | | | | | |
| गुनासाहरुको रेकर्ड व्यवस्थापन, | | | | | |
| फछ्र्यौट, जानकारी, कार्यवाही, सार्वजनिक गरेको | | | | | |
| समाधान हुन नसकेका गुनासाहरुको माथिल्ला निकायहरुमा प्रेषण गरिएको | | | | | |

**८) अनुशिक्षण, क्षमता अभिबृद्धि, रेडियो कार्यक्रम, पत्रिका प्रकाशन, समन्वय, नागरिक शिक्षा, को प्रगति**

| सम्पन्न गरिएका क्रियाकलापहरु | सम्पन्न मिति | सहभागी | | हासिल भएका मुख्य उपलब्धीहरु | पुष्ट्याइएका आधारहरु |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| | | | | | |
| | | | | | |

**९) मुख्य मुख्य उपलब्धीहरु (वर्णनात्मक रुपमा, संक्षिप्त):**

**१०) चुनौतिहरु, सिकाइहरु**

**११) प्रभावहरु विश्लेषण, निश्कर्ष र सुझावहरु**

प्रभाव विश्लेषण :

सुझावहरु :

**१२) घटना अध्ययन, सकारात्मक कार्यहरु**

मुख्य घटना अध्ययन -१

मुख्य घटना अध्ययन - २

**१३) कार्य सन्चालनका दस्तावेजहरु, माइन्यूट- फोटोहरु, प्रकाशनहरु, ईत्यादि**

| | | | | |
|---|---|---|---|---|
| तयारगर्ने : | प्रमाणित गर्ने | | | |
| सहि : | सहि : | | | |
| नाम : | नाम : | | | |

**Local Governance and Community Development Programme (LGCDP)**
**Local Governance and Accountability Facility (LGAF) Secretariat**
**Shree Mahal, Pulchowk, Lalitpur**

**Month/ Year**

[Please Insert the name of your organization]

**Monitoring Compliance of Local Bodies**
**with**
**Legislative and Policy Requirements**

**Inception Report**
Period: 1 Magh to ….. Magh 2071

Prepared by: [Coordinator]

Submitted by: [Name of the Executive Chief and CSO]
Submitted Date: Day/Month/Year

## Inception Report

Amount requested: NRs…………………

Bank A/C No. ……………………….    Name of the Bank :

(Note: It will be the sole responsibility of CSOs to mention correct information)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| PAN No. | | | | | | | | | |
| Date | | | | | | | | | |
| VAT Registration Date | | | | | | | | | |

### A. Introduction

*(Not more than a half page)*

### B. Implemented activities till this inception report and progress:

*(Present activities implemented for the period of Contract sign till preparing this Inception progress report. Please use the following table to present accomplished activities and their progress. Please note that the list of the activities must be same as those listed in your agreed work plan for this reporting period)*

| SN | Planned Activity | Planned in number | Achieved Progress in number | Remarks |
|---|---|---|---|---|
| Accomplished activities as planned for the inception reporting period | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| NB: Rows can be added as required but none of the part of this report format can be changed or alter in any case. | | | | |

### C. Narrative Progress Report on Program Activities

*(Describe the activities performed. Write about each activity listed in the table in section B above)*

C.1

C.2

C.3

…

…

### D. Priorities for the Next Period

*(Please propose the same activities from the agreed work plan while signing on the Contract)*

**E. Any other subject** (not covered above) that you want to mention

**Annexes** (*annexes that are referred in the report*)

Attachments regarding accomplished activities as mentioned above: *(report of each activity and evidential documents in support of the progress report)*

Request letter for releasing the grant NRs…..with a grant form is attached.

-----------------

Signature

Designation:

Please pay attention to following points while preparing your report:

**Note 1:** If you are presenting data in any section of your report, please present data in tables as appropriate. Please present data in disaggregated form as far as practicable (by gender, social groups and territory). Please follow the Local Body Resource Mobilization Management Guideline, 2069 Anusuchi-4.

## Participation

| SN | Participants from | Male | Female | Total |
|---|---|---|---|---|
| | **Community People (Beneficial groups)** | | | |
| | Local Body's Staffs (Service Provider Agency) | | | |
| | Government Officials | | | |
| | LSP, CSOs members and staffs | | | |
| | Other stakeholders | | | |
| | **Total** | | | |
| **Caste /ethnicity from beneficiary** | | | | |
| 1 | Brahmin/Kshetry | | | |
| 2 | Adibasi/Janajati | | | |
| 3 | Dalit Jatjati<br>a) Pahade origin<br>b) Madheshi origin | | | |
| 4 | Oppressed casts | | | |
| | Total | | | |
| **Differently abled (all castes and groups)** | | | | |
| **children (all castes and groups)** | | | | |
| **senior citizen (all castes and groups)** | | | | |

***NB 2:*** *If you want to include photographs in your report, please include only relevant Photographs in appropriate section of the report and with accurate caption.*

- First status report – within 60 days of signing of the agreement;
- Second Status report- within 120 days
- *Final Report* - Before Asar 15, 2072